महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
कटारी नगरपालिका
उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १

पत्र संख्याः २०७८।७९
च.नं. ४६२

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
कटारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
उदयपुर ।

कैफियतसहितको राय

हामीले कटारी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. ९ करोड ४२ लाख २३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ५१ हजार फस्यौंट भई बाँकी बेरुजू रु. ९ करोड ४१ लाख ७२ हजार रहेकोमा असुल गर्नुपर्ने रू. ४० लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५७ लाख ९५ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ९३ लाख ३८ हजार र पेश्की रू. २ करोड ४९ लाख ९९ हजार रहेको छ । पालिकाको गतवर्षसम्म रु. २९ करोड ३८ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३८ करोड ७४ लाख ९४ हजार रहेको छ ।कटारी नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्म प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

कटारी नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६०	१८८	९४२२३	०	५	५१	६०	१८३	९४१७२	४०४०	२९३३८	३५७९५	०	०	६५१३३	२४९९९

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कूल बेरुजु बाँकी
उदयपुर	२९३८३३	०	५११	२९३३२२	०	९४१७२	३८७४९४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कटारी नगरपालिका, उदयपुर , कटारी नगरपालिका , उदयपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अनिल किराती	२०७८-११-४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Dhirendra Kumar Yadav	२०७८-९-१४	२०७८-११-३
कार्यालय प्रमुख	Ganesh Prasad Aryal	२०७६-१-८	
कार्यालय प्रमुख	Amar Prasad Bhatta	२०७७-८-१६	२०७८-९-१३
लेखा प्रमुख	Gobinda Pyakurel	२०७५-२-२	२०७७-५-१०
लेखा प्रमुख	Dilip Kumar Shrestha	२०७७-५-२१	
		बेरुजु रकम	९४,२२३,२८०

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		३,४७,९८,४९८.४५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५०,६१,६२,२९२.०८	चालु खर्च	४६,६४,४१,७६२.९५
प्रदेश सरकारबाट अनुदान	२,०९,३६,७३३	पूँजीगत खर्च	२७,५२,१८,२२१
राजश्व बाँडफाँट	१४,४१,६३,४१९.८५	वित्तीय/अन्य व्यवस्था	१८,४३,७१,८५३.५
आन्तरिक आय	४,९९,५८,६६३.३३		
अन्य आय	२०,५५,२१,१९८.९३		
कुल आय	९२,६७,४२,३०७.१९	कुल खर्च	९२,६०,३१,८३७.४५
बाँकी मौज्दात		३,५५,०८,९६८.१९	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण** लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अुनसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७८, इकाईगत लेखापरीक्षण योजना २०७८, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयबाट प्राप्त जवाफ र मिति 207८।10।१५ को व्यवस्थापनसंगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन् ।	
२			**परिचय** **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७५ सभा सदस्य, ४२४.८९ वर्ग किलोमिटर क्षेत्रफल तथा ५६१४६ जनसंख्या रहेको छ ।	
३			**प्राप्ति भुक्तानी हिसाब**	

https://nams.oag.gov.np

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८४,०५,१४,६६६.६०	917258075.19	९४,८४,२३२	926742307.19	८०,६७,४६,१८६.९३	१,४१,२०,०००	८२,०८,६६,१८६.९३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७९,९३,०७,८७०	७२,१२,२१,१०८.२६	0.00	७२,१२,२१,१०८.२६	६२,१९,००,३३९.०६	१,४१,२०,०००	६३,६०,२०,३३९.०६
११००० कर	११	१६,३४,९२,८७०	१७,६२,२४,१५८.६३	0.00	१७,६२,२४,१५८.६३	१५,४१,४६,६७०.४४	0.00	१५,४१,४६,६७०.४४
१३००० अनुदान		५९,१४,१५,०००	५२,७०,९९,०२५.०८	0.00	५२,७०,९९,०२५.०८	४४,८७,२४,५०८.६३	१,४१,२०,०००	४६,२८,४४,५०८.६३
संघीय सरकार	१२	५७,००,४३,०००	५०,६१,६२,२९२.०८	0.00	५०,६१,६२,२९२.०८	४०,३६,३४,८३४.६३	९०,००,०००	४१,२६,३४,८३४.६३
प्रदेश सरकार	१२	२,१३,७२,०००	२,०९,३६,७३३	0.00	२,०९,३६,७३३	४,५०,८९,६७४	0.00	४,५०,८९,६७४
बैदेशिक श्रोत	१२	0.00	0.00	0.00	0.00	0.00	५१,२०,०००	५१,२०,०००
१४००० अन्य राजस्व		४,४४,००,०००	१,७८,९७,९२४.५५	0.00	१,७८,९७,९२४.५५	१,९०,२९,१५९.९९	0.00	१,९०,२९,१५९.९९
ख. अन्य प्राप्ति		४,१२,०६,७९६.६०	196036966.93	९४,८४,२३२	205521198.93	१८,४८,४५,८४७.८७		१८,४८,४५,८४७.८७
वितरण गर्न		0.00	0.00	0.00	0.00	0.00	0.00	0.00

बाकी राजस्व									
कोषहरु		४,१२,०६,७९६.६०	४,२५,५०,१३५.९३	९४,८४,२३२	५,२०,३४,३६७.९३	१,८९,०१,६३९.९३	0.00	१,८९,०१,६३९.९३	
धरौटी		0.00	५०,३४,३७७	0.00	५०,३४,३७७	६२,८७,४६५.९४	0.00	६२,८७,४६५.९४	
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		0.00	148452454.00	0.00	148452454.00	१५,९६,५६,७४२	0.00	१५,९६,५६,७४२	
भुक्तानी (ग+घ)		८७,१७,९४,९८७.४०	921561280.45	४४,७०,५५७	926031837.45	८०,८५,७८,६९३.७९	८९,८५,०००	८१,७५,६३,६९३.७९	
ग. भुक्तानी (सञ्चित कोषबाट)		८३,०५,८८,१९०.८०	७४,१६,५९,९८३.९५		७४,१६,५९,९८३.९५	६२,३३,५०,९९९.६८	८९,८५,०००	६३,२३,३५,९९९.६८	
२१००० पारिश्रमिक / सुविधा	१८	२६,७२,२२,०००	२४,६६,९३,६५३.७९	0.00	२४,६६,९३,६५३.७९	२१,१४,०१,३६१.३७	0.00	२१,१४,०१,३६१.३७	
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२१,३९,०७,३७०	१८,५८,०६,६९८.२७	0.00	१८,५८,०६,६९८.२७	१३,९८,५४,९११.१६	४६,७०,०००	१४,४५,२४,९११.१६	
२५००० सहायता (Subsidy)	१८	२,०३,०७,०००	१,५५,४८,९६८.८९	0.00	१,५५,४८,९६८.८९	२२,५८,९४३	0.00	२२,५८,९४३	
२६००० अनुदान	१८	७५,५०,०००	७५,५०,०००	0.00	७५,५०,०००	0.00	0.00	0.00	
२७०००	१८	८९,९८,०००	७४,९९,१२७	0.00	७४,९९,१२७	७४,९३,७३९	0.00	७४,९३,७३९	

			सामाजिक सुरक्षा										
			२८००० अन्य खर्च	१८	३५,२०,३२०.८०	३३,४३,३१५	0.00	३३,४३,३१५	१८,०३,०३०	0.00	१८,०३,०३०		
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३०,९०,८३,५००	२७,५२,१८,२२१	0.00	२७,५२,१८,२२१	२६,०५,३९,०१५.१५	४३,१५,०००	२६,४८,५४,०१५.१५		
			घ. अन्य भूक्तानी		४,१२,०६,७९६.६०	179901296.50	४४,७०,५५७	184371853.50	८०,८५,७८,६९३.७९	८९,८५,०००	८१,७५,६३,६९३.७९		
			कोषहरु		४,१२,०६,७९६.६०	२,५८,७८,५५०.५०	४४,७०,५५७	३,०३,४९,१०७.५०	१,७९,३८,८४६	0.00	१,७९,३८,८४६		
			धरौटी		0.00	५६,०७,७७२	0.00	५६,०७,७७२	७६,३२,१०६.११	0.00	७६,३२,१०६.११		
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		0.00	148452454.00	0.00	148452454.00	१५,९६,५६,७४२	0.00	१५,९६,५६,७४२		
			कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-37480.00		-37480.00					
			ङ. यो वर्षको बचत (न्युन)		(३,१२,८०,३२०.८०)	(४३,०३,२०५.२६)	५०,१३,६७५	७,१०,४६९.७४	(१८,३२,५०६.८६)	५१,३५,०००	३३,०२,४९३.१४		
			च. गतवर्षको जिम्मेवारी			३,४७,९८,४९८.४५		३,४७,९८,४९८.४५	१,६८,०५,३१०.१७		१,६८,०५,३१०.१७		

रकम (अ.ल्या)									
वर्षान्तको बाकी रकम (ङ + च)		(३,१२,८०,३२०.८०)	३,०४,९५,२९३.१९	५०,१३,६७५	३,५५,०८,९६८.१९	१,४९,७२,८०३.३१	५१,३५,०००	२,०१,०७,८०३.३१	
बैंक तथा नगद बाकी	२४		२,९०,६९,४०९.०५		२,९०,६९,४०९.०५	२,१४,७९,९८०.९५		२,१४,७९,९८०.९५	

४

वित्तीय विवरण

वित्तीय विवरण–स्थानीयसरकारसञ्चालनऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

· सुत्रको प्राप्ति तथा भुक्तानी (म.ले.प.फा.नं. २७२) प्रतिवेदन अनुसार रु. ७७८२८९८५३.१९ रकम बराबर बार्षिक कारोबारको आर्थिक विवरण पेश गरेकोमा अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण, स्थानीय पूर्वाधार, प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम र गरिबसंग बिशेश्वर कार्यक्रम शिर्षकमको CGAS बाट सोझै भुक्तानी भएको रकम रु. १४८४५२४५४ समेत फा.नं. २७२ को संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम शीर्षकमा थप गरी एकिकृत आय व्ययको विवरण तयार गरि प्रतिवेदन जारी गरिएको छ ।

· पालिकामा यस वर्ष रु. 926742307.19 आय भएकोमा २०७8 असार मसान्त सम्म रु.926031837.45 खर्च भई रु.७,१०,४६९.७४ मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोषहरुमा रु. ३,५५,०८,९६८.१९ मौज्दात रहेको देखियो ।

· NEPSAS basedढाँचाको प्रतिवेदनबाट बार्षिक रुपमा संचालित कार्यक्रमहरुको भौतिक प्रगति खुल्ने नदेखिएकोमा सो सम्बन्धि थप बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गरेको छैन ।

· लेखापरीक्षणकाक्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

· गाउँपालिकाले कार्यसंचालन कोष अन्तर्गतका प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता, कर्मचारी कल्याण कोष, बिभाज्य कोषको शुरु मौज्दात शुत्रले कोषगत खातामा नदेखाउने र वित्तीय प्रतिवेदन फा.नं. २७२ को शुरु मौज्दातमा समेत समाबेश नहुँने हुँदा अल्या मौज्दात एकिन हुन सकेन ।

. पालिकाले शसर्त अनुदान तर्फको विद्यालय अनुदान रकम रु ७५५०००० लाई यस वर्ष सुत्र प्रणालीमा अनुदान खर्च (२६०००) अन्तर्गत प्रविष्टि गरी खर्च गरेको देखियो ।

. पालिकाको प्राप्ति भुक्तानी श्रेस्ताअनुसार यस वर्षको प्राप्तिमा यस वर्षको भुक्तानी घटाएर बाँकी रकममा गत वर्षको बाँकी रकम जोड्दा कायम हुने वर्षान्तको बाँकी मौज्दात स्रेस्ता अनुसार रु ३५५०८९६८.१९ रहेकोमा सुत्रको अनुसूचि २४ अनुसारको बैंक तथा नगद बाँकी रु २९०६९४०९.०५ रहेको देखिएकोले फरक रकम रु ६४३९५५९.१५ सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

· प्राप्ती भुक्तानी हिसाब २७२ अनुसार कर कट्टी रकम भुक्तानी दाखिला गर्न बाँकी रु ३७४८० देखिएकोले दाखिला गर्नुपर्ने देखिएको रु ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

५

खर्च विश्लेषण

खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४९९५८६६४ तथाराजस्व बाँडफाँड र अनुदानबाट रु ६७१२६२४४४ समेत रु ७२१२२११०८ आम्दानी भएकोमा चालु तर्फ रु ४६६४४१७६२र पूँजिगत तर्फ रु २७५२१८२२१समेत गरी रु ७४१६५९९८३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.७३प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु १२१६००००० खर्च भएको छ जुन बाँडफाँडबाट प्राप्त राजश्व बाहेकको आन्तरिक आयको २४.३४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.९० प्रतिशत चालु र ३७.१० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

६

गत वर्षको जिम्मेवारी फरक परेको

जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु२६१२८५०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ३४७९८४९८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ८६६९९९८ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

७

बजेट, पेश पारित र अख्तियारी

बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री भीम कुमारी राउतले २०७७।३।२० गते रु. ७१ करोड १९ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।५।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।५।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

८

लक्ष्य तथा प्रगति

लक्ष्य तथा प्रगति -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम ३५ अनुसार पेश भएको वार्षिक प्रगति प्रतिवेदन अनुसार पालिकाले सभाबाट पारित गरेका योजनाहरुमा न्यून वित्तीय तथा भौतिक प्रगति देखिन्छ ।पालिकाले आगामी दिनमा स्वीकृत योजनाहरु समयमै सम्पन्न गर्नतर्फ ध्यान दिनुपर्दछ ।

सि नं	बजेट	बजेट खर्च	वित्तीय प्रगति प्रतिशत
1	830588190	741659983	89.29

९

चौमासिक पुँजीगत खर्च

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र सोही अनुसार कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	कटारी नगरपालिका	२२०२८५	२२७४८	४४८४५	१५२६९२	१०२८८३
२	संघीय सरकारबाट हस्तान्तरित	५२४३७	०	११९५२	४०४८५	२६६३२
३	प्रदेश सरकारबाट हस्तान्तरित	२४९६	०	०	२४९६	२४९६
	कूल खर्च:	२७५२१८	२२७४८	५६७९७	१९५६७३	१३२०११
	खर्च प्रतिशत		८.२६	२०.६३	७१.०९	४७.९६

१०

बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । बजेट तथा कार्यक्रम निर्माण गर्दा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

११

क्षेत्रगत बजेट र खर्च

क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	८०३४२०००	७१३८००३५	८८।८५
सामाजिक क्षेत्र	५१६१६४०००	४६१०३०२८४।८८	८९।३२
पूर्वाधार विकास क्षेत्र	११६७१५०००	९९८०८२४०	८५।५१
वातावरण तथा विपद् व्यवस्थापन	4000000	३२५९४३५	८१।४९
वित्तीय व्यवस्थापन र सुशासन	७८०००००	६६०७८०७	८४।७२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०५५६७१९०।८०	९९५७४१८२।०७	९४।३२
जम्मा	८३०५८८१९०।८०	७४१६५९९८३।९५	८९।२९

१२

अवण्डा बजेट

अबण्डा बजेट–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ५ करोड १ लाख ५० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फका शीर्षकमा रु. ४९ लाख ९९ हजार र पुजीगततर्फका शीर्षकमा रु ४ करोड ५१ लाख ५१ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१३

योजना कार्यान्वयन

योजना र कार्यान्वयन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	३७	३१७६३७९
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१३०	३७३६६२९२
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	२९	२३९६५८७१
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	२०	४१८७६०१८
५	५० लाख भन्दा माथीका	८	९५३५६६३२
	जम्मा	२२४	२०१७४११९२

१४ **आन्तरिक नियन्त्रण प्रणाली**

१४.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १४ ऐन, ४नियमावली, १९कार्यविधि, ४ निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

			· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । · मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। · निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन। · निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा वित्तीय समानीकरण चालु तर्फ रु १३३००००० र सशर्त स्वास्थ्यतर्फ रु ४०८६५२२३ गरी कूल जम्मा रु ५४१६५२२३ खर्च लेखेको पाईयो । · पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । · स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । जिन्सी व्यवस्थापन सम्बन्धमा PAMS प्रयोग गरेको देखिएन । · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । · जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाईमध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
१४.२			**सूचना प्रविधी पद्दति**- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सफ्टवेयर म्यानुअल नभएको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको,सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएकोले सूचना प्रविधी नियन्त्रण वातावरणको व्यवस्था मिलाउनु पर्दछ ।		

https://nams.oag.gov.np

१४.३			**सवारी साधन र मेसिनरी साधन** - सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले सवारी साधन सञ्चालन लगबुक राखेको तथा त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता राखेको देखिदैन । म. ले. प. फाराम ९०६ र म. ले. प. फाराम ९०५ बमोजिमको सवारी लगबुक तथा मर्मत अभिलेख खाता अद्यावधिक गर्नुपर्दछ ।	
१४.४			भ्रमण तथा भ्रमण खर्चको अभिलेख - पालिकाले म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिदैन । म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक मात्र राखेको देखियो । भ्रमण सम्बन्धि तोकिएका मलेप फारमहरु अद्यावधिक गर्नु पर्दछ ।	
१४.५			**बेरुजु लगत**- पालिकाले म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखेको देखिदैन । कार्यालयसंग सम्बन्धित सो फारामहरुको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।	
१५			**पालिका संगठन संरचना**	
१५.१			**संगठन तथा कर्मचारी ब्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम नगरपालिकामा 60 जनाको दरवन्दी स्वीकृत भएकोमा 25 जना मात्र पदपूर्ति भई 35 जना रिक्त भएको अभिलेख प्राप्त भएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम भएको देखिएन।	
१५.२			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न सुचना प्रविधि कर्मचारी, इन्जिनियर, प्रशासन, कृषि, पशु, फिल्ड, नगर प्रहरी, दमकल, स्वास्थ्य, अनमी, अहेव, मे.अ., मे.ज. र कार्यालय सहयोगी पदमा 100 जना कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सुचना प्रविधि कर्मचारी, इन्जिनियर, प्रशासन, कृषि, पशु, फिल्ड, स्वास्थ्य, अनमी, अहेव पदमा 54 जना करार नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको छ।	
१५.३			**भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था बमोजिम भत्ता दिंदा	

https://nams.oag.gov.np

			सम्बन्धित कानून बनाइएको नपाइएकोले नियमको पालना हुनु पर्दछ।	
१५.४			**योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन पर्याप्त रुपमा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने किसिमको छनौट गरेको पाइएन। यस तर्फ पालिकाको ध्यान जानु पर्दछ।	
१६			**कर्मचारी कल्याण कोष** **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले एकमुष्ट रुपमा वित्तीय समानीकरणबाट १० लाख यस कोषमा ट्रान्सफर गरेको देखिन्छ । ऐनको परिपालना हुनुपर्दछ ।	
१७			**कानून निर्माण एवं कार्यान्वयन** **कानून निर्माण एवं कार्यान्वयनको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १४ ऐन, ४ नियमावली, १९कार्यविधि, ४ निर्देशिका निर्माण गरेको छ ।यसरी निर्माण भएका नियम, निर्देशिका तथा कार्यविधि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।	
१८			**न्याय निरुपण तथा विवाद समाधानको अवस्था** **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ६८ गरी कुल ७२ विवाद दर्ता भएकोमा ६९ वटा मात्र फछ्र्यौट भई ३ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१९			**राजश्व लगत** **राजस्व लगत -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस वर्षको लगत अद्यावधिक गरेकोमा गत वर्षको जिम्मेवारी सहितको लगत र गत वर्षको राजश्व लगत अद्यावधिक गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।	
२०			**शिक्षक दरबन्दी मिलान** **दरबन्दी मिलानः** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं २० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ । साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ । यस	

पालिकाको बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति भएको अभिलेख पेश नभएकोले ऐन तथा कार्यविधिको पालना हुनपर्दछ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गर्नु पर्ने, अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

सि नं	विद्यालयको नाम	शिक्षक पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	माध्यमिक विद्यालय कालिखोला	10	1	324	32.4
२	आधारभुत विद्यालय बेलसोत	5		121	24.2
३	पंचावति माध्यमिक विद्यालय खसिबास	7	1	248	35.43
४	आधारभुत विद्यालय तिम्नाही	2	1	24	12
५	जनता आधारभुत विद्यालय एक्लेसल्ला	1		23	23
६	जनज्योती आधारभुत विद्यालय पोखरीया	0		28	0
७	जनता माध्यमिक विद्यालय गुरांसे	16	4	454	28.38
८	माध्यमिक विद्यालय कल्याणपुर	11	1	322	29.27
९	पशुपति आधारभुत विद्यालय मझुवा	2		87	43.5
१०	कमला आधारभुत विद्यालय खोक्सा	2		24	12
११	चुरिया आधारभुत विद्यालय च्यांगा	6		105	17.5
१२	सरस्वती माध्यमिक विद्यालय हडैया	7	1	280	40
१३	माध्यमिक विद्यालय मरुवा	9		376	41.78
१४	त्रिवेणी माध्यमिक विद्यालय कटारी	31		1499	48.35
१५	आधारभुत विद्यालय जहडी सिम्ले	7		171	24.43
१६	जनता आधारभुत विद्यालय फुलवारी सिरान	5		101	20.2
१७	देवी आधारभुत विद्यालय बैरेनी	3		55	18.33
१८	सरस्वति माध्यमिक विद्यालय भोर्ले	9		464	51.56
१९	भवरी देवी आधारभुत विद्यालय तल्लोखैरेनी	7	2	169	24.14

				२०	देवी माध्यमिक विद्यालय भुल्के	10	1	280	28		
				२१	भगवती आधारभुत विद्यालय सिसाघारी	3		58	19.33		
				२२	जनशक्ति आधारभुत विद्यालय तीनतले	2		75	37.5		
				२३	दिपेन्द्र माध्यमिक विद्यालय जोगीडाँडा	5	3	367	73.4		
				२४	पद्मकन्या आधारभुत विद्यालय लामिदुवाली	2	1	48	24		
				२५	कालिका आधारभुत विद्यालय बगपति	3		132	44		
				२६	आधारभुत विद्यालय धप्पर	3		24	8		
				२७	आधारभुत विद्यालय बाँकेटार	3		62	20.67		
				२८	पशुपति आधारभुत विद्यालय तपि	3		48	16		
				२९	कालिका माध्यमिक विद्यालय रतनपुर	6	1	331	55.17		
				३०	जनप्रेमी माध्यमिक विद्यालय रिस्कु	16	6	524	32.75		
				३१	सरस्वती आधारभुत विद्यालय मर्जेतपुर	3		77	25.67		
				३२	पन्नावती आधारभुत विद्यालय पाट्ने	2		7	3.5		
				३३	जनज्योती आधारभुत विद्यालय माकुरे	3		70	23.33		
				३४	जनप्रिय आधारभुत विद्यालय कुरिङभञ्ज्याङ	3	1	98	32.67		
				३५	रुपैरानी प्राथमिक विद्यालय	2	1	60	30		
				३६	जनता आधारभुत विद्यालय थलिया	3	2	152	50.67		
				३७	माध्यमिक विद्यालय पटनाभञ्ज्याङ	9	2 पदपूर्ती हुन बाँकी	352	39.11		
				३८	आधारभुत विद्यालय माङफाङटोल बबला	3	2	110	36.67		
				३९	बीरेन्द्र आधारभुत विद्यालय भाण्टाबारी	3	3	115	38.33		

				४०	सिध्दवती प्रावि ढुङ्गे	2		59	29.5		
				४१	कालिका आधारभुत विद्यालय खोरभञ्ज्याङ	0		48	0		
				४२	कालिका जनसेवा आधारभुत विद्यालय नारायणघाट कत्ले	0		55	0		
				४३	कालिका आधारभुत विद्यालय कोलबोट	0		37	0		
				४४	माध्यमिक विद्यालय लिम्पाटार	8	1	346	43.25		
				४५	आधारभुत विद्यालय आहाले	3	1	86	28.67		
				४६	माहाकाली आधारभुत विद्यालय सुगुरे	3	1	49	16.33		
				४७	आधारभुत विद्यालय कालिखोला लिम्पाटार	2	1	130	65		
				४८	भिमोन आधारभुत विद्यालय बाझगाउँ	0		25	0		
				४९	डम्बरुद्रेश्वर मातापिता आधारभुत विद्यालय बतासे	0		97	0		
				५०	आधारभुत विद्यालय बरडांडा	3		49	16.33		
				५१	आधारभुत विद्यालय राम्चे	3		38	12.67		
				५२	आधारभुत विद्यालय गिजिनचौर	3		27	9		
				५३	आधारभुत विद्यालय सोरुङ्साङ्ले	3		59	19.67		
				५४	शंखवेल आधारभुत विद्यालय चिप्टार	3	1	127	42.33		
				५५	जनता कालिका माध्यमिक विद्यालय सोरुङछविसे	11	2	549	49.91		
				५६	आधारभुत विद्यालय झाक्रिबारी	0		27	0		
				५७	सुनकोशी आधारभुत विद्यालय कटहरभञ्ज्याङ	0		85	0		
				५८	मांकाली आधारभुत विद्यालय पिनापु	0		92	0		
				५९	पञ्चावती आधारभुत विद्यालय बेतेनी	0		73	0		

				६०	सरस्वति माध्यमिक विद्यालय हर्देनी	4	1	217	54.25			
				६१	श्री पटनदेवी प्रवि डुंडेवारी	3		30	10			
				६२	जनकल्यण आधारभुत विद्यालय गोठडांडा	3	1	36	12			
				६३	आधारभुत विद्यालय चिलाउने हर्देनी	5	2	165	33			
				६४	जनमुखि माध्यमिक विद्यालय बसेरी	14	1	509	36.36			
				६५	शारदा आधारभुत विद्यालय खानीडांडा	3	2	68	22.67			
				६६	पञ्चकन्या आधारभुत विद्यालय हरिथुम्का	2		38	19			
				६७	नागदेवी आधारभुत विद्यालय नागदह	1		23	23			
				६८	माध्यमिक विद्यालय मयाँखु	7	2	250	35.71			
				६९	जाल्पादेवी आधारभुत विद्यालय ज्यामिटार	3		73	24.33			
				७०	कालिका आधारभुत विद्यालय जालिमेथुम्का	3	1	40	13.33			
				७१	सहीद स्मृति प्रा.वि.विर्ताटोल	1	1	31	31			
				७२	जनता आधारभुत विद्यालय गालभञ्ज्याङ	2		45	22.5			
				७३	सरस्वती आधारभुत विद्यालय बरबास	2		36	18			
				७४	जनप्रभात आधारभुत विद्यालय किन्दुभञ्ज्याङ	2		7	3.5			
				७५	चन्द्रावती माध्यमिक विद्यालय लेखानी	11	2	348	31.64			
				७६	बालविकास आधारभुत विद्यालय चनौटे	2		28	14			
				७७	आधारभुत विद्यालय माझखानी	2		33	16.5			
				७८	देवी वालविकास आधारभुत विद्यालय रानागाउँ	0		12	0			
				७९	कालिकादेवी वालविकास आधारभुत विद्यालय डांडागाउँ	0		17	0			

		८०	पञ्चकन्या आधारभुत विद्यालय देउराली	0		20	0
			जम्मा	341		11949	35.04

२१			**बिद्यालय भौतिक पूर्वाधार निर्माण** **विद्यालय भौतिक पूर्वाधार निर्माण-** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 117 मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। साथै नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै कार्यक्रम कार्यान्वयन पुस्तिका 8. क्रियाकलाप नं 11.1.2.1 विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शिर्षकको 8.1. मा प्रत्येक स्थानीय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, 2060 मा भएको व्यवस्था अनुसार भुकम्प प्रतिरोधी, अपाङ्गमैत्री, बाल मैत्री, छात्रा मैत्री एंव वातावरण मैत्री गर्नु/गराउनु पर्नेछ। विद्यालय भौतिक सुधार सम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानी कार्य सम्पादन गर्नु वा सम्पन्न गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसारका विद्यालयहरुलाई भौतिक पूर्वाधार निर्माण अनुदान दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. क्र.सं | विद्यालयको नाम | कार्य विवरण | रकम 1 | श्री दिपेन्द्र मा.वि. जोगिडाडाँ कटारी 6 | 4 कोठे विद्यालय | 3600000 2 | मा.वि. कल्याणपुर कटारी 2 | 4 कोठे विद्यालय | 3600000 3 | पशुपति आ.प्रा.वि कटारी 2 | 4 कोठे विद्यालय | 3600000 4 | रुपैरानी आ.प्रा.वि कटारी 8 | शौचालय निर्माण | 700000 | जम्मा | | 11500000	११,५००,०००
२२	152	२०७७-११-१०	**निशुल्क पाठ्यपुस्तक** **निःशुल्क पाठ्यपुस्तक –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नं 2.4.6.1 मा प्रत्येक स्थानिय तहहरुले सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने तथा पाठ्यपुस्तक खरिद गरेको विल भर्पाइ एंव अनुगमन प्रतिवेदन प्राप्त गर्नु पर्ने व्यवस्था रहेकोमा निम्नानुसार विद्यालयलाई पाठ्यपुस्तक अनुदान दिएकोमा पाठ्यपुस्तक खरिद तथा अनुगमन प्रतिवेदन पेश नभएकोले पेश गर्नु पर्ने रु.	३००,०००

https://nams.oag.gov.np

क्र.सं	विद्यालयको नाम	रकम
1	त्रिवेणी उ.मा.वि	50000
2	चन्द्रवती उ.मा.वि	50000
3	जनता उ.मा.वि	50000
4	जनमुखी मा.वि	50000
5	जनताकालिका मा.वि	50000
6	जनप्रेमी उ.मा.वि	50000
	जम्मा	300000

२३

भुक्तानी दिन बाँकी

भुक्तानी दिन बाँकी –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले नियम विपरीत कार्यालय सामग्री मसलन्द छपाईमा रु ४१३८६८९, मेसिनरी मर्मत तथा खरिदमा रु ११८८१०५, विविध शीर्षकमा रु ४७८९७४ तथा अन्य निर्माण कार्य, पारिश्रमिक लगायतमा रु ६७२२६१० गरी कूल १२५२८३७८ रकम विनियोजित बजेटले नखाम्ने गरी अर्को वर्ष दायित्व सारेको देखियो । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२४

पेश्की भुक्तानी

पेश्की भुक्तानी- पेश्की भुक्तानी गर्दा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएका प्रकृया पूरा गर्नुपर्दछ ।

- पेश्की रकम तोकिएको अवधीमा फछ्र्यौट गर्नुपर्नेमा गरेको पाईएन ।
- फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यायल प्रमूख समक्ष पेश गर्नुपर्नेमा गरेको पाईएन ।

नियमावलीको पालना हुनु पर्दछ ।

२५

पेश्की बाँकी

पेश्कीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको 15 दिन भित्र फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु.

२४,९९८,८५६

सि.नं.	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की	
		म्याद ननाघेको	म्याद नाघेको
		रकम	
1	आर. डि. - आत्रेय जे. भी.	5840000	0
2	यूके एफ एम प्रा ली		80000
3	श्री जनता आधारभूत विद्यालय फुलबारी सिरान		400000
4	न्यू त्रिवेणी महिला बहुउद्देश्शीय सहकारी संस्था लि.		200000
5	श्री माध्यमिक विद्यालय लिम्पाटार (१-१०)		173857
6	हर्देनी महिला बहुउद्देश्यीय सहकारी संस्था लि.		47000
7	श्री देवि आधारभूत विद्यालय वैरेनी (१-५)		100000
8	मुनाल महिला बचत तथा ऋण सहकारी संस्था लि.		100000
9	स्वास्थ्य चौकी त्रिवेणी		25000
10	स्वास्थ्य चौकी मयांखु		25000
11	स्वास्थ्य चौकी रिस्कु		25000
12	स्वास्थ्य चौकी लेखानी		25000
13	स्वास्थ्य चौकी लिम्पाटार		25000
14	स्वास्थ्य चौकी सिरिसे		25000
15	स्वास्थ्य चौकी हर्देनी		25000
16	श्री रुपैरानी आधारभुत विद्यालय (१-५) सिरिस आहाले		210000
17	श्री त्रिवेणी माध्यमिक विद्यालय (१-१२)		5000000

18	श्री भवरी देवि आधारभुत विद्यालय तल्लो खैरेनी (१-८)		900000
19	श्री पंञ्चावती आधारभुत विद्यालय,बेतेनी		900000
20	श्री पशुपति आधारभूत विद्यालय मझुवा (१-५)		1469980
21	श्री मा.वि. कल्याणपुर		1635623
22	श्री माध्यमिक विद्यालय मरुवा (१-१०)		1050000
23	श्री दिपेन्द्र मा.वि.जोगिडाँडा		1464538
24	श्री मा.वि. पटनाभञ्ज्याङ		700000
25	श्री पंञ्चावती आधारभुत विद्यालय,बेतेनी		900000
26	श्री भवरी देवि आधारभुत विद्यालय तल्लो खैरेनी (१-८)		900000
27	श्री सुनकोशी आधारभूत विद्यालय कटहर भञ्ज्याङ्ग		700000
28	श्री माध्यमिक विद्यालय मरुवा (१-१०)		409998
29	श्री माध्यमिक विद्यालय लिम्पाटार (१-१०)		250000
30	महादेव मन्दिर तथा फुटवल मैदान निर्माण उ.स.		330000
31	साना कृषि सिंचाई तथा ईनार निर्माण उ.स.		142000
32	साना कृषि सिंचाई तथा ईनार निर्माण उ.स.		200000
33	ठुलो मझुवा सिंचाई जल उपभोक्ता संस्था		345500
34	ठुलो मझुवा सिंचाई जल उपभोक्ता संस्था		796000
35	सिंगापुरे सिंचाई कुलो जल उपभोक्ता समिति		600000
36	सोमवारे राना कुलो बाँकेटार चुहाडे सिंचाई ज.उ.स.		500000
37	हडैया साना सिंचाई आयोजना हडैया ज.उ.स.		600000

38	सिंगापुरे सिंचाई कुलो जल उपभोक्ता समिति		345500
39	सोमवारे राना कुलो बाँकेटार चुहाडे सिंचाई ज.उ.स.		345500
40	हडैया साना सिंचाई आयोजना हडैया ज.उ.स.		345500
41	शिव मन्दिर निर्माण उ.स.		265360
42	सूर्य बहादुर खड्का		51500
43	दुर्गा बहादुर कार्की		59500
44	नेत्र कुमार पौडेल		107500
45	दुर्गा बहादुर कार्की		110000
46	नेत्र कुमार पौडेल		110000
47	सूर्य बहादुर खड्का		110000
48	रामु चौधरी		5000
49	केशर बहादुर कार्की		500000
50	प्रेम शाही		100000
51	केशर बहादुर कार्की		295000
52	प्रेम शाही		200000
53	केशर बहादुर कार्की		100000
54	राम कुमार दनुवार		70000
55	जमुना कुमारी कुमर		411000
56	सोनु मिश्र		100000
57	चन्द्र कुमार चौधरी		12000

58	बलराम चौधरी		6000
59	मनोज चौधरी		8000
60	राम कुमार दनुवार		11000
61	विदुर बहादुर राउत		15000
62	कृष्ण बहादुर कार्की		36000
	जम्मा	५८४००००	२४९९८८५६

२६

मालसामान खरिदका लागि कर्मचारी पेश्की

मालसामान खरिदका लागि कर्मचारी पेश्की – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि नियमावली २०७७ को नियम ४९ मा व्यवस्था भए अनुसार बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्था भएमा मात्र कार्यालय प्रमुखले कारण उल्लेख गरी कर्मचारी पेश्की दिन सकिने व्यवस्था उल्लेख छ । कार्यालयले देहायका कर्मचारीलाई मालसामान खरिदको लागि दिइएको कर्मचारी पेश्की नियम संगत नदेखिएको रु.

भौ. नं.	विवरण	फर्मको नाम	खरिद रकम
१४४।२०७७।११।१३ पालिका पुँजीगत	मिनिटिलर खरिदका लागि ज्ञान ब राउतलाई पेश्की दिई खरिद	सुविना सप्लायर्स एण्ड ट्रेडर्स	६३००००

६३०,०००

२७

खरिद सामान तथा निर्माण सामग्रीको गुणस्तर

खरिद सामान तथा निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएको -खरिद सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण भएको देखिदैन । निर्माण कार्यमा खरिद सम्झौता कार्यान्वयन गर्दा समेत सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण भएको नदेखिएकोले गुणस्तरतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

२८

सम्पत्ति हस्तान्तरण र अभिलेख

२८.१

सम्पत्ति हस्तान्तरण र अभिलेख

स्थानिय सरकार संचालन ऐन, 2074 को दफा 97, 98 र 104 अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता 2075 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।

क - साविक गाउँ विकास समिति - साविक ७ वटा गाउँ विकास समिति गाभिएर कटारी नगरपालिका स्थापना भएकोमा प्रेसित जिन्सी खातामा निम्नानुसार गाउँ विकास समितिको जिन्सी सम्पत्ति नगरपालिकाको जिन्सी खातामा अध्यावधिक गरेको नदेखिएकोले अध्यावधिक गर्नुपर्ने देखिन्छ।

			<table><tr><th>क्र.सं</th><th>साविक गाउँ विकास समितिको नाम</th></tr><tr><td>१</td><td>रिस्कु गाउँ विकास समिति</td></tr><tr><td>२</td><td>हर्देनी गाउँ विकास समिति</td></tr><tr><td>३</td><td>मैयङ्गखु गाउँ विकास समिति</td></tr><tr><td>४</td><td>सोरुङ छविसे गाउँ विकास समिति</td></tr><tr><td>५</td><td>लेखानी गाउँ विकास समिति</td></tr></table> **ख - विषयगत कार्यालय** – साविकको महिला तथा बालबालिका कार्यालय अन्तरगत रहेको सम्पर्क कार्यालयको जिन्सी सम्पत्ति नगरपालिकाको जिन्सी खातामा अध्यावधिक गरेको नदेखिएकोले अध्यावधिक गर्नुपर्ने देखिन्छ।	
२८.२			**पालिका अन्तर्गतका कोषहरु -** पालिका अन्तरगत रहेका कोषको विवरण अध्यावधि, कोषको आय प्राप्तिको उपयोग र कोषको अभिलेख अध्यावधिक गरेको देखिएन। यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।	
२८.३			**सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग** पालिकाले सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ती ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्दछ। तर यस पालिकाले सो बमोजिम गरेको देखिएन।	
२९			**कार्यालय र संस्थागत जिन्सी दाखिला** **जिन्सी दाखिला** - आर्थिक कार्यविधि ऐन, 2055 को दफा 13(1) अनुसार जिन्सी माल सामान 7 दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ। कार्यालयले आफ्नो कार्यालयमा आएका जिन्सी सामाग्रीहरुलाई प्याम्समा नराखेको जिन्सी वर्गिकरण गर्दा व्यवस्थित गरेको देखिएन साथै विभिन्न योजना तथा कार्यक्रम अन्तरगत रही विभिन्न उपभोक्ता समिति, संघ संस्थालाई अनुदान स्वरुप उपलब्ध गराएको सामानको सम्बन्धित संस्था र समितिले नियमानुसार आफ्नो खप्ने र खर्च भएर जाने जिन्सी खातामा दाखिला गरी सम्बन्धित व्यक्तिबाट प्रमाणित गरी राख्नुपर्नेमा सम्पूर्ण प्रक्रिया पुरा नगरी जिन्सी दाखिला फारम भरेर मात्र पेश गरेकोमा नियम र कानुनको पालना गरी मात्र भुक्तानी दिन तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।	
३०			**आर्थिक सहायता** **आर्थिक सहायता** –	३,६१९,६९०

https://nams.oag.gov.np

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले कटारी नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, 2075 बनाई दुर्घटना, उपचार, असहाय, संघसंगठन (वडा, नगर, जिल्ला, प्रदेश र केन्द्र स्तर) लाई रु.500। देखि रु.10,000। सम्म मात्र भुक्तानी दिन पाउने व्यवस्था भएकोमा नगरप्रमुखको तोकादेशमा र सभाले बनाएको कार्यविधिलाई पालना नगरी कार्यपालिका बैठकबाट निर्णय गरी रु.15000। देखि रु. 200000। सम्म आर्थिक सहायता वापत शैक्षिक संस्थाहरुलाई सहायता रु.7,49,980। अन्य संस्था सहायता रु.4,00,000। र अन्य सामाजिक सहायता रु.24,69,710। गरी जम्मा रु. 36,19,690। आर्थिक सहायता वितरण गरेको पाइयो । कार्यालयले विभिन्न व्यक्ति वा संघसंस्थाहरुलाई कार्यविधिमा भएको व्यवस्थालाई प्रयोग नगरी व्यवस्था भएको भन्दा बढी रकम कार्यपालिकाको निर्णयका आधारमा वितरण गरेको, व्यक्ति वा संघसंस्थालाई कार्यपालिकाको निर्णय बेगर, वडा सिफारिस वेगर, अस्पतालको सिफारिस र कागजात बेगर वितरण गरेको नियमानुसार नदेखिएको रु.

३१

पदाधिकारी सुविधा

पदाधिकारी थप सुविधा -

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, 2075 (पहिलो संशोधन समेत) को दफा 3 को उपदफा 4 मा चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहकको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी पालिकाको सदस्यले रु. दश हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाउनेछ भनी व्यवस्था गरेको छ । पालिकाले बजेट व्यवस्था नगरी पदाधिकारी सेवा सुविधा शिर्षकबाट जम्मा रु. 1,85,45,999।77 को आन्तरिक आम्दानी भएको अवस्थामाकार्यपालिका निर्णय बेगर यस वर्ष 74 जना जनप्रतिनिधिलाई रु.10,000। का दरले जम्मा रु.7,40,000। चाडपर्व खर्च वापत भुक्तानी गरेको छ। यसरी बजेट व्यवस्था नगरी, कार्यपालिकाको निर्णय बेगर र पालिकाको आन्तरिक आम्दानी न्युन भएको अवस्थामा पदाधिकारीलाई चाडपर्व खर्च वापत भुक्तानी भएको रकम नियमित नदेखिएको रु.

७४०,०००

३२

कोभिड १९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन

- यस वर्ष स्थानिय तहले कोभिड १९ को रोकथाम, उपचार तथा न्यूनीकरणका लागि विभिन्न तहबाट प्राप्त गरेको आम्दानी तथा खर्च र प्रदान गरेको सेवाको विवरण यस प्रकार छ ।

प्राप्त रकम		खर्च रकम	
प्रदेश सरकार	1000000	क्वारेन्टाइन/आइसोलेसन निर्माण/व्यवस्थापन खर्च	3960010
कार्यालयबाट	14174555.66	यातायात खर्च	363995
अन्य/संस्था	535000	क्वारेन्टाइनमा खाद्यान्न खर्च	971009
		(मास्क/सेनिटाइजर लगायत अन्य प्रशासनिक खर्च समेत सबै)	7536843.3
		पारिश्रमिक खर्च	1000000
		खर्च रकम	13831857.3
	15709555.66	बाकी मौज्दात	1877698.36

- कोभिड १९ जोखिम भत्ता वापत पालिकाले यस वर्ष कूल स्वास्थ्य कर्मी ७७ जना, सुरक्षा कर्मी १० जना, प्राविधिक कर्मचारी ६ जना, प्रशासनिक कर्मचारी १४ जना समेतलाई गरी कूल रु २५५५७६५ खर्च गरेको छ ।
- कोभिड १९ रोकथामका लागि पूर्व तयारी, स्वास्थ्यकर्मी परिचालन, स्वास्थ्य सामग्री, औषधी तथा उपकरणको आपूर्ति तथा उपलब्धतालाई सुनिश्चित गर्दै मितव्ययी एवं प्रभावकारी ढंगले प्रकोप व्यवस्थापन कोरोना कोषको परिचालन गर्नु पर्ने देखिन्छ ।

कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ को परिपालना गर्नु पर्दछ ।

३३

कर असुली विश्लेषण

कर असूलीको तुलनात्मक विश्लेषण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ५४ अनुसार स्थानिय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा कानून बमोजिम कर लगाउन, उठाउन पाउने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका आम्दानी शीर्षकमा कानून बमोजिम लगाएका करहरु अनुमान गरे अनुरुप उठाउन सकेको देखिदैन ।

सि.नं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	बाँकि
१	११४७९	अन्य मनोरञ्जन कर	५,००,०००	०	५,००,०००
२	११६९१	अन्य कर	२,००,०००	८१०	१,९९,१९०
३	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	३,७२,५०,०००	६०,४१,८४४	३,१२,०८,१५६
४	१४२४१	पार्किङ्ग शुल्क	१०,००,०००	०	१०,००,०००
५	१४२४५	नाता प्रमाणित दस्तुर	२,००,०००	९६,९२०	१,०३,०८०
६	१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	५०,०००	४३,२१०	६,७९०
७	१४६११	व्यवसाय कर	१५,००,०००	१४,३६,२२४.५०	६३,७७५.५०

३४

ठेक्का नपरेको आन्तरिक आयहरु

ठेक्का नपरेका आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले ठेक्काका लागि खुलाएका निम्नानुसारका आन्तरिक आयमा कुनै पनि ठेकेदार, फर्म वा निर्माण व्यवसायीले ठेक्का नहालेका कारण यस वर्षमा उक्त आन्तरिक आयबाट आम्दानी प्राप्त हुन सकेन तर पालिकाले उक्त आन्तरिक आय प्राप्त हुने ठेक्कालाई अमानतबाट आम्दानी नगरेको कारण पालिकालाई प्राप्त हुन सक्ने आन्तरिक आयमा कमि आउनुका साथै यसको आवश्यक विवरण तयार गरेको देखिएन।यसतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

ठेक्का नं	ठेक्काको विवरण	आन्तरिक आम्दानी	न्युनतम अंक रकम
ठेक्का नं 5-77/78	तावा खोला कपुर दह देखि माझी गाउँ डगर स्पोट र सोमबारे वडा नं 6	ढुङ्गा, वालुवा र गिट्टि संकलन, उत्खनन् तथा निकासी	2533347
ठेक्का नं 7-77/78	तावा खोला, बेलसोत खोला, कमला खोला सिमानपुर, बेलसोत र कमला खोला, मझुवा, भुन्टेचौरी स्पोट 1 र 2 तावा कमला (त्रिवेणी मेला) वडा नं 1 र 2	ढुङ्गा, वालुवा र गिट्टि संकलन, उत्खनन् तथा निकासी	3360030
ठेक्का नं 4-77/78	बाहादुर खोला वडा नं 14	ढुङ्गा, वालुवा र गिट्टि संकलन, उत्खनन् तथा निकासी	270720
		जम्मा	6164097

३५ — १,४११,०५०

आन्तरिक आय र मूल्य अभिवृद्धि कर

असुली गर्न बाँकी आन्तरिक आय र मु.अ.कर– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार 1 वटा फर्म वा ठेक्काबाट आन्तरिक आय रु.10,75,000। मा ब्याज समेत हिसाब गरी र 2 वटा फर्म वा ठेक्काको मु.अ.कर रकम रु.3,36,050। असुल गर्न बाँकी रहेकोले आन्तरिक आय वापतको रकम ब्याज सहित असुल गरी कार्यालयमा र मु.अ.कर वापतको रकम सम्बन्धितबाट असुल गरी आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने वा असुल गर्नुपर्ने रु.

सि.नं.	ठेकेदार/फर्मको नाम	सम्झौता रकम	दाखिला रकम	दाखिला गर्न बाँकी	दाखिला गर्न बाकी मु.अ.कर	कूल असुली
1	कृतिक मिडिया प्रा.ली विज्ञापन कर	2,१०,300।	2,10,000	०	27300	27300
2	कमला खोला सिस्नेरी तिम्नाही वडा नं 1, वालुवा र गिट्टि संकलन, उत्खनन् तथा निकासी	२३७५०००।	1300000	१०७५०००	308750	१३८३७५०
	जम्मा			१०७५०००	336050	१४११०५०

३६ — **आन्तरिक आम्दानी**

३६.१ — **पालिका आन्तरिक आम्दानी -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 27(5) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक

दाखिला गर्नु पर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। यस वर्ष पालिकाले मालपोत/भुमि कर, अन्य सेवा शुल्क तथा बिक्री (पार्क बनभोज स्थल भ्यू टावर तथा ढुँगागिटी बालुवा बिक्री समेत), न्यायीक दस्तुर न्यायीक समिति समेत, परिक्षा शुल्क, अन्य प्रशासनिक शुल्क(बोलपत्र फारम बिक्री समेत), सिफारिस दस्तुर, नाता प्रमाणित, अन्य दस्तुर (ब्याक हो लोडर तथा सवारी कर समेत), पञ्जीकरण गरी राजश्व वाँडफाड बाहेक राजश्व आम्दानी गर्ने सिस्टमबाट राजश्व आम्दानी गरी आ.व. 2077/78 मा जम्मा रु. 1,85,45,999।77 आम्दानी गरेको विवरण प्राप्त भएको छ । स्थानीय तह अन्तरगतका वडा र पालिकाले आम्दानी गरेको राजश्वलाई कतिपयले मासिक रुपमा, कतिपयले २, ३ महिना पछि, कतिपयले वर्षको अन्तमा र कतिपयले आर्थिक वर्ष सकिएपछि अर्को आर्थिक वर्षको सुरुवातमा मात्र दाखिला गर्ने गरेकोले नियममा भएको व्यवस्था अनुसार समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

आ.व. 2077/78 को कार्यालयबाट प्राप्त वडागत र नगरपालिका राजश्व र आन्तरिक आय ठेक्का विवरण

वडा नं	राजश्व रकम
वडा नं 1	195089
वडा नं 2	415240
वडा नं 3	246430
वडा नं 4	1159730
वडा नं 5	709930
वडा नं 6	418344.65
वडा नं 7	704033.59
वडा नं 8	310688
वडा नं 9	241893
वडा नं 10	424702.54
वडा नं 11	275947.6
वडा नं 12	314383
वडा नं 13	145764
वडा नं 14	267183.24
नगरपालिका र आय ठेक्का	12716641.15
जम्मा आन्तरिक आम्दानी	1,85,45,999.77

३६.२

आन्तरिक आम्दानी विवरण र राजश्व दाखिला विवरण आउन बाँकी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 27(5) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ।

https://nams.oag.gov.np

कार्यालयले दिएको आ.व.2077/78 को वडागत राजश्व विवरण अनुसार वडा नं 1 को जेठ र असारको राजश्व आम्दानी कार्यालयमा उपलब्ध नहुनुका साथै बैंकमा समेत दाखिला नभएको साथै वडा नं 11 को वार्षिक रिपोर्ट वडाबाट उपलब्ध नभएकोले उक्त वडाबाट उक्त अवधिमा के कति आम्दानी प्राप्त भएको यकिन गर्न नसकिएकोले यस विषयमा कार्यालयले थप पहल गर्नुपर्ने देखिन्छ।

३७ — ३४१,०३७

राजश्व बाँडफाँड

राजश्व वाँडफाँड- स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
विज्ञापन कर	347039.76	४०.००%	0	138815.904
अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी	505555		0	202222
जम्मा	852594.76			341037.904

३८

ढुङ्गा, गिट्टी, बालुवाको कर

गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु 4992550 राजस्व प्राप्त गरी स्थानिय संचितकोषमा बाँडफाँड गर्न बाँकी देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

३९ — ४,०३१

बिमाको रकम बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ । रातुखोला आर सी कल्भर्ट निर्माण कार्यमा अम्विका निर्माण सेवालाई BOQ मा समावेश PS item बिमा बापतको रकम रु २३४६२ भुक्तानी गर्दा रु १९४३१ को मात्र बिजक पेश भएको हुदाँ बढी भुक्तानी गरेको रकम रु ४०३१ असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

४० — २,०५२,०८७

प्रदेश समपुरक अनुदानमा लागत साझेदारी

प्रदेश नं. १ प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ। सोही कार्यविधिको बुदाँ नं ९ (ग) अनुसार समपुरक अनुदान उपभोक्ता समितिमार्फत खर्च गराउन नमिल्ने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष प्रदेश समपुरक बजेट खर्च गर्दा ठेक्का मार्फत नगरी उपभोक्ता समिति मार्फत गरेकोले नियम संगत देखिएन । प्रदेश समपूरक अनुदानबाट खर्च हुने गरी यस वर्ष २ योजनाका लागि रु १००००००० निकासा भएकोमा रु ९५९२७२८ खर्च गरी बाँकी रु ४०७२७२ प्रदेश सञ्चित

कोषमा फिर्ता गरेको छ । सञ्चालन गरेको २ योजनाको कुल लागत कन्टिन्जेन्सी सहित रु. १०७७२३४३ रहेकोमा ३० प्रतिशत रकम स्थानीय तहले लागत साझेदारी व्यहोर्नु पर्ने देखिन्छ । अत: कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार कूल लागतको ७० प्रतिशत भन्दा बढी हुने रकम रु २०५२०८७ प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्ने देखिएको रु

४१			**संघीय समपूरक अनुदानमा लागत साझेदारी** समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ६(१) मा उल्लेखित व्यवस्था अनुसार छनौट भएको आयोजनाको प्राथमिकता, उपलब्धि, दिगोपना समेतका आधारमा प्रदेश वा स्थानीय तहको कुल लागतको अधिकतम ४० प्रतिशत सम्म समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ।यस वर्ष संघ समपुरक अनुदान बापत रु. २३४७४००० प्राप्त भएको छ ।संघ समपूरक अनुदानबाट खर्च हुने गरी ठेक्का बन्दोबस्ता गरेको कटारी बजार भित्रि सडक निर्माण योजनाको मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी सहित कबोल अंक रु. ४७३३६६३८ रहेकोमा उक्त रकमको ६० प्रतिशत स्थानीय तहले लागत साझेदारी व्यहोर्नु पर्ने देखिन्छ ।अत: कार्यविधि अनुसार कुल लागतको ४० प्रतिशत भन्दा बढी हुने रकम रु. ४५३९३४५ संघ संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु.	४,५३९,३४५
४२			**कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) अनुसार म्याद कायम रहेको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने उल्लेख छ । नियमानुसार कार्य सम्पादन जमानत पेश नगरी खरिद सम्झौतासमेत गर्न नमिल्नेमा कटारी बजार भित्री सडक निर्माण योजनामा आर डि अत्रेय जे भि ले मिति २०७८।१२।८ सम्म म्याद रहेको कार्य सम्पादन जमानत बापत रु ८७६६४५८ रकम पेश भएकोमा त्रुटी सच्याउने दायित्व अवधिलाई खाम्ने गरी म्याद कायम भएको नदेखिएकोले मिति २०७९।११।२० सम्म नियमको प्रावधान अनुसार जमानतको अवधि थप गर्नुपर्ने देखिन्छ ।	
४३			**बढी दररेटले भुक्तानी भएको** **बढी दररेटले भुक्तानी भएको** - सार्वजनिक निकायले निर्माण कार्यको स्विकृत नर्म्सको प्रयोग गरी जिल्ला दर समावेश गरेर लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले देहायको योजनाहरुको भुक्तानी गर्दा दररेट विश्लेषणमा जिल्ला दर भन्दा बढी मुल्य राखी लागत अनुमान बनाई सोही आधारमा कार्यसम्पादन तयार गरी भुक्तानी दिएकोले असुल गर्नु पर्ने देखिएको रु.	१६,१३२

भौचर नं र मिति	योजना	कार्य र परिमाण	परिमाण	नर्म्स दर	भुक्तानी दर	बढी भुक्तानी
३०९।२०७८।१।१७	राम्चे थुम्का बर्रे अर्ना घोप्टे सडक मर्मत उ स	मेसिनमेड जि आइ वायरमा जिल्ला दर भन्दा बढीदर प्रयोग	४९६ वर्ग मिटर	२६५.५५	२८१.९५	८१३४
४३७।२०७८।३।८	इनार खोक्सा निर्माण उ स वडा नं २	Reinforcement Steel जिल्ला दर भन्दा बढी दर प्रयोग (ढुवानी कटिङ्ग बेण्डिङ्ग समेत)	४६१ के.जी.	११४	१३१.३५	७९९८
	जम्मा					१६१३२

४४			**फर्माको काममा बढी भुक्तानी** **फर्माको काममा बढी भुक्तानी** – ८८४।२०७८।३।२९ सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयारगर्नुपर्ने व्यवस्था छ । पालिकाले सुगारे खानेपानी योजना निर्माण उ स लाई फर्माको काममा सडक विभागको कङ्क्रिट संरचनाको लागि फर्माको काम (Class F 1 finish) अनुसारको स्वीकृत नर्म्स दर रु ५६३.७ भन्दा बढी दर रु ७५४.६५ ले ५८.२५ घन मिटरको भुक्तानी गरेकोले बढि भुक्तनी देखिएको रु १११२२ असुल गर्नुपर्ने रु.	११,१२२
४५			**मूल्य अभिवृद्धि कर कट्टी नभएको**	७९५,३५५

https://nams.oag.gov.np

आर्थिक ऐन २०७६ अनुसार मूल्य अभिवृद्धि कर ५० प्रतिशत काट्नु पर्ने व्यवस्था रहेकोमा आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ३० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनु पर्ने रु

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मुअकर कर रकम	कट्टी गर्ने रकम
८९।२०७७।९।२३ नगरपालिका पुँजीगत	काली निर्माण सेवा प्यान नं. ३००४३४२७९	३९५४६५३	५१४१०५	२५७०५२
८८८।२०७८।३।२९ नगरपालिका पुँजीगत	आरडी अत्रेय जेभी प्यान नं. ६१३८४०४९५	८२८१५९२	१०७६६०७	५३८३०३
				७९५३५५

४६ **नन्फाइलर** १,९७६,०३६

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम
२५२।२०७८।१।५ पालिका पुँजीगत	आरडी अत्रेय जेभी	६१३८४०४९५	७८१८१२१	८९९४२९
८८८।२०७८।३।२९ पालिका पुँजीगत	आरडी अत्रेय जेभी	६१३८४०४९५	८२८१५९२	१०७६६०७
	जम्मा			१९७६०३६

४७ **कर दाखिला नभएको** १४,९४४

भुक्तानीमा कर - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु.

गो.भौ.नं/मिति	कार्यक्रम	भुक्तानी पाउने	भुक्तानी रकम	करको दर	कर दाखिला
63-78/3/18 ससर्त	पशुपति आ.वि मझुवा	डोर हाजिरी	1494430	1%	14944
		जम्मा			14944

४८ **नपुग बहाल कर कट्टी** १०७,५४९

नपुग वहाल कर कट्टी - आयकर ऐन, 2058 को दफा 88 (5क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा 1.5 प्रतिशतले कर कट्टी गर्ने व्यवस्था छ। यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा 1.5% प्रतिशत मात्र स्रोतमा मात्र कर कट्टी गरेको छ। डोजर भाडामा लगाउने निर्माण व्यवसायी सवारी साधन भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्बन्धित मेसिन उपकरणको स्वामित्व सम्वन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडाको रकम भुक्तानी लिएको पाइएकोले प्रमाण पेश हुन पर्न रु.

गो.भौ.नं/मिति	संस्था/ठेकेदारको नाम	योजना/कामको विवरण	बिल रकम	भाडा रकम 8.5% कर
377-77/9/6 चालु	उदयपुर लामा कन्स्ट्रक्सन	गबुवा बाध योजना	408960	34762
454-77/9/21 चालु	त्रिवेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स	बाध बनाउने काम	24778	2106
871-77/12/26 चालु	थापा निर्माण सामाग्री सेवा	साना सिंचाई पोखरी निर्माण जुरेडाडा	43082	3662
873-77/12/26 चालु	थापा निर्माण सामाग्री सेवा	श्रद्धा माछा पालन फर्म	34476	2930
1111-78/2/27 चालु	अभिमन्यु कन्स्ट्रक्न	वडा नं 2 कल्याणपुर अमाहा खहरे मर्मत	87610	7447
1252-78/3/9 चालु	हरिसिद्धि निर्माण सेवा	बाहाव रोकी कुलो निर्माण कार्य	82620	7023
1347-78/3/16 चालु	प्रिन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली	पोखरी खन्ने कार्य	144000	12240
1349-78/3/16 चालु	उदयपुर लामा कन्स्ट्रक्सन	मेसिनले खन्ने कार्य	143362	12186
1397-78/3/20 चालु	उदयपुर लामा कन्स्ट्रक्सन	मेसिनले खन्ने कार्य	110619	9403
1411-78/3/21 चालु	थापा निर्माण सामाग्री सेवा	मेसिनले खन्ने कार्य	42831	3641
1514-78/3/25 चालु	थापा निर्माण सामाग्री सेवा	कृषि तथा पशु फर्म	142948	12151
		जम्मा		107549

४९

विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	निर्धारण भएको आयोजनाको लागत
गुम्बा भवन र ओभरल मास्टर प्लान कटारी २ गरास लागि डीपीआर निर्माण	डाईनामिक रिसोर्सेस व्यवस्थापन सर्भिस प्रा लि काठमाडौ	४२५०००	४०००२०	४००६५७१४

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृतबजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५०

हेभीईक्युपमेन्ट प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

सि. नं.	उपभोक्ता समितिको नाम	कामको विवरण	हेभी उपकरणमा भएको खर्च
१	हलेदो मोटरबाटो मर्मत उ स	सडक मर्मत	४३७९२६
२	रानीडाँडा मोटरबाटो मर्मत उ स	सडक मर्मत	५०८५००
३	पाल्सिङ दुईघरे चुकिया कृषि सडक बाटो योजना उ स	सडक मर्मत	४९३६६७
४	बाँकेटार देखि मदन भण्डारी राजमार्ग सम्मको बाटो ग्राभेल उस	सडक मर्मत	५१४४९९
५	स्वास्थ्य चौकी धमिनी डाडा सानो माकुरे देखि ठूलो माकुरे सडक मर्मत उ स वडा नं ७	सडक मर्मत	१५००००
६	खरिबोटे ताम्पाते बैरीडाडा कृषि सडक स्तरउन्नती उ स वडा नं १०	सडक मर्मत	४२००२१
७	हर्देनी कार्तिके गोठडाडा टावरडाडा सडक निर्माण मर्मत उ स	सडक मर्मत	५१८६७०
८	बेतेनी चिलाउने हुप्टार कटुन्जे सडक निर्माण मर्मत तथा स्तरोन्नती	सडक मर्मत	७५२५८०
९	नयाँ रोड सिरुवारी लप्से पात्ले बासबारी सडक निर्माण मर्मत तथा स्तरोन्नती उ स वडा नं ११	सडक मर्मत	७८७१५८
	जम्मा		४५८३०२१

५१

नर्म्स भन्दा बढी दरले भुक्तानी

नर्म्सभन्दा बढी दरले भुक्तानी - सार्वजनिक निकायले निर्माण कार्यको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले मानिसद्वारा साधारण माटो खन्ने कार्यको लागि देहाय अनुसार DoLID को स्वीकृत नर्म्स भन्दा बढी दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम असुल उपर गर्नुपर्ने देखिएको रु

भौचर नं र मिति	योजना	कार्य र परिमाण	परिमाण	नर्म्स दर	भुक्तानी दर	बढी रकम
६०१।२०७८।३।२२	भुल्के कृषि क्याम्पस सडक स्तर सुधार उ स वडा नं ५	मानिसद्वारा साधारण माटो खन्ने कार्य ०.५m-d नर्म्स अनुसार	४८६ घ.मि.	३१९.३	५१०	९२६८०
८१३।२०७८।३।२७	लालपुर शाखा सडक सुधार उ स	मानिसद्वारा साधारण माटो खन्ने कार्य ०.५m-d नर्म्स अनुसार	१६३ घ.मि	३१९	५१०	३११३३
	जम्मा					१२३८१३

१२३,८१३

५२

जटिल प्राविधिक पक्षका काम उपभोक्ता समितिबाट गरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराएकोले नियमसंगत देखिदैन ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
३३०।२०७८।२।२४	बुढाबुढी खानेपानी आयोजना उ स कटारी ७	Solar Water Pumping System खरिद तथा जडान खर्च	१९४५५३१
५९९।२०७८।३।२१	तल्लो ताल तथा माझीटोल झाँक्रीटोल र धमला टोल विधुतीय सिँचाई योजना उ स वडा नं २	विद्युतीय सिँचाई प्रणाली जडान	१५९३७५५
	जम्मा		३५३९२८६

३,५३९,२८६

५३

उपभोक्ता समितिलाई दिएको काम निर्माण व्यवसायीबाट गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेकोकुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गर्नुपर्ने उल्लेख छ।लेखापरीक्षणका क्रममा नमूना छनोट गरी हेर्दा देहायका ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीमार्फत गर्ने गरेको देखिएकोले अनियमित देखिएको रु.

भौ.नं. र मिति	योजनाको नाम	निर्माण व्यवसायी	रकम
४०।२०७७।६।२२	कटारी दोश्रो लाईन फुटपाथ र नाला निर्माण उ स	रिपब्लिकन कन्सट्रक्सन मार्फत गराएको	१९१७०४७
५७।२०७७।६।२२	चुहाडे देखि बाँकेटार सम्म बाटो ग्रबेल उ स	उदयपुर लामा कन्सट्रक्सन प्रा लि मार्फत गराएको	१०५४२३६
८५।२०७७।९।२१	खमारे मोटरबाटो मर्मत निर्माण उ स	प्रिन्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि मार्फत गराएको	७९८९८५
१६८।२०७७।११।२५	मोटरबाटो मर्मत तथा सरसफाई उ स वडा नं १०	डि सी कन्सट्रक्सन मार्फत गराएको	१००००००
२७४।२०७८।१।१३	सडक मर्मत र डगर सुधार उ स वडा नं ६	डुम्रेटार कन्सट्रक्सन प्रालि मार्फत गराएको	१२५०१६८
४३३।२०७८।३।७	सडक मर्मत उ स वडा नं ९	नविता एण्ड लोप्चन कन्सट्रक्सन प्रा लि मार्फत गराएको	१५६२९११
४८४।२०७८।३।१४	खेल मैदान निर्माण योजना उ स वडा नं १४	आशा किरण कन्सट्रक्सन मार्फत गराएको	६७८१०८
७३६।२०७८।३।२६	भोक्टेनी भञ्ज्याङबाट ढाडे बतासे हुदै चिउरीबोट सडक निर्माण योजना उ स वडा नं १३	चुलीथाम कन्सट्रक्सन प्रा लि मार्फत गराएको	२००४०३८
	जम्मा		१०२६५४९३

१०,२६५,४९३

५४

लागत अनुमान भन्दा कम सामग्री प्रयोग

६१९,८०८

कुनै पनि निर्माण कार्य सम्पन्न गर्नका लागि स्वीकृत नर्म्स अनुसार प्राविधिक लागत इष्टिमेट तयार गर्नु पर्दछ । निर्माण आयोजनाको आधारभूत डिजाइन तथा संरचनामा परिवर्तन नहुने हो भने सोही प्राविधिक लागत इष्टिमेट अनुसार आवश्यक परिमाणमा निर्माण सामग्री प्रयोग हुने हुन्छ । देहायका योजनामा प्राविधिक इष्टिमेट तथा नाप जाँच कार्यसम्पन्न अनुसारको आवश्यक लागत परिमाण भन्दा कम निर्माण सामग्री खरिद गरेको पाईएकोले लागत अनुमानमा जोडिएको बढी सामग्रीको मूल्य असुल हुनु पर्ने देखिएको रु.

भौ नं र योजना	विवरण	प्रयोग गर्नु पर्ने नर्म्स	प्रयोग भएको	फरक	दर रु.	रकम
४४९।२०७८।३।९ गोठ सुधार कार्यक्रम उ स १० वटा गोठका लागि पि सि सि लगायतको काम	सिमेन्ट बोरा	२३५	२००	३५	८८३	३०९०५
४५६।२०७८।३।१० साना सिँचाई योजना इनार निर्माण वडा भरी उ स वडा नं १, पि सि सि १:२:४	सिमेन्ट बोरा	८३१	५००	३३१	८८३	२९२२७३
४७३।२०७८।३।१० तल्लो बनाबारी जलेश्वर ताल सडक स्तर सुधार उ सको पि सि सि १:१।५:३ र स्टोन मेसनरी १:४	सिमेन्ट बोरा	११०	७०	४०	८८३	३५३२०
७५८।२०७८।३।२६ शिव मन्दिर निर्माण उ स वडा नं ६ (Stone masonary 1:4, Brick masonary 1:4 , PCC 1:1.5:3)	सिमेन्ट बोरा	२६४	१९२	७२	८८३	६३५७६
५२१।२०७८।३।१५ गुम्बा शौचालय निर्माण उ स वडा नं २(Stone masonary, Brick masonary, PCC र Punning समेत)	सिमेन्ट बोरा	७५	५५	२०	८८३	१७६६०
५४७।२०७८।३।१८ पिपलबोट छेउ खोल्सी कल्भट निर्माण श्री मा वि वडा नं ४ (PCC 1:2:4)	सिमेन्ट बोरा	२५९	१६३	९६	८८३	८४७६८
५७३।२०७८।३।२० श्री मा वि लिम्पाटार घेराबार वडा नं ९ (PCC 1:3:6, Stone masonary 1:4 , PCC 1:1.5:3)	सिमेन्ट बोरा	११२	५०	६२	८८३	५४७४६
।२०७८।३।२५ वडाका विभिन्न खानेपानी मर्मत उ स वडा नं १२	TMT छड के.जी.	१३०.९४	३०	१००.९४	९९.६६	१००५९
९२८।२०७८।३।३० ह्युम पाईप जाली खरिद उ स वडा नं ९	ह्युम पाईप १० वटा खरिद गर्नुपर्नेमा ४ वटा खरिद भएकोले बढी भुक्तानी रकम रु	८९२६१	५८७६०	३०५०१	-	३०५०१
	जम्मा					६१९८०८

५५			**माटो काट्ने कार्यको दररेट विश्लेषण** सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्यको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा नापी कितावमा उल्लेखित वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले देहायको योजनाहरुको भुक्तानी गर्दा सडक विभागको स्वीकृत नर्म्स भन्दा बढी मुल्य राखी लागत अनुमान बनाई सोही आधारमा कार्यसम्पादन तयार गरी भुक्तानी दिएकोले असुल गर्नु पर्ने देखिएको रु.	७१०,९७८

भौचर नं र मिति	योजना	कार्य र परिमाण	परिमाण	नर्म्स दर	भुक्तानी दर	जम्मा बढी खर्च भएको
५०१।२०७८।३।१४	पाल्सिङ दुईघरे चुकिया कृषि सडकबाटो योजना उ स वडा नं १०	DOR नर्म्स र DOR 042 को BM soil माटो कटिङ्ग	१३८९ घ.मि.	६७.०५	८४.२४	२३८७६
४९४।२०७८।३।१४	१४ नं वडा स्तरीय सडक उन्नती तथा निर्माण उ स	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग BM soil	६७२८ घ. मि.	६७.०५	८४.२४	११५४५२
५४०।२०७८।३।१६	भालु खोला झगरेटार मोटरबाटो निर्माण उ स वडा नं १०	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग BM soil	१०११० घ मि	६७.०५	८४.२४	१७३७९०
५२५।२०७८।३।१५	पिनापु स्कूलदेखि ह्याकु कृषि सडक उ स वडा नं १०	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग BM soil	८९२५	६७.०५	८४.२४	१५३४२०
७२७।२०७८।३।२७	बैरी खोला खेल मैदान निर्माण उ स	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग BM soil	५८४३ घ.मि	६७.०५	८४.२४	१००४४१
१६८।२०७७।११।२५	मोटरबाटो मर्मत उ स वडा नं १०	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग	१५७२९ घ मि	६७.०५	६९.४	३६९६३
४९४।२०७८।३।१४	१४ नं वडा स्तरीय सडक उन्नति तथा निर्माण उ स	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग	२४३७९	६७.०५	६९.४	५७२९०
५३२।२०७८।३।१६	नयाँ रोड सिरुवानी लप्से पाल्ले बाँसबारी सडक मर्मत तथा स्तरोन्नति वडा ११	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग	१११०५ घ मि	६७.०५	६९.४	२६०९६
२३०।२०७७।१२।२६	बसेरी खानी डाँडा सिम्ले बाटो मर्मत उस वडा १२	DOR नर्म्स र DOR 042 को सबैखाले माटो कटिङ्ग	१००६४ घ मि	६७.०५	६९.४	२३६५०
	जम्मा					७१०९७८

५६			**वैठक भत्ता**	

५६.१			**कर्मचारी वैठक भत्ता** – (गो.भौ.नं/मिति – 3-77/6/1, 139-77/6/23, 200-77/6/28, 202-77/6/28, 485-77/9/23, 683-77/11/10 र 732-77/11/21) - स्थानिय सरकार संचालन ऐन 2074 मा कार्यालयको कामको सिलसिलामा विभिन्न किसिमका निर्णय र निर्देशन गर्नका निम्ति नियमित रुपमा आवश्यकता अनुसार कार्यालय समय भन्दा बाहेक वैठक बसी नियमानुसार भत्ता भुक्तानी लिन मिल्ने व्यवस्था भएकोमा कार्यालयले मिति 2076/8/20, 2077/4/21, 2077/4/2, 2077/4/7, 2077/6/27, 2077/4/25, 2077/6/17, 2077/10/11, 2077/10/12 र 2077/10/29 मा वैठक बसे वापत भत्ता भुक्तानी दिदा एकै दिनमा दुइ वटा भन्दा बढी वैठक बसेकोमा सबैको भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.	१४३,६५०

https://nams.oag.gov.np

क्र.सं	नाम र पद	जम्मा बढी बैठक संख्या	बैठक दर	रकम कर बाहेक
1	प्र.प्र.अ. गणेश प्रसाद अर्याल	9	1000, 1500	8075
2	प्र.प्र.अ. अमर प्र. भट्ट	7	1000	5950
3	ले.अ. गोविन्द प्याकुरेल	6	1000, 1500	5525
4	इन्जिनियर भुपेन्द्र यादव	3	1000	2550
5	आ.ले.प. अधिकृत दिलिप श्रेष्ठ	9	1000	7650
6	आइ.टि. अधिकृत रोशन कार्की	14	1000	11900
7	स.इ. ओम ब. मिश्र	5	1000	4250
8	खरिदार युवराज मगर	8	1000, 1500	7225
9	ले.पा डोर निधि सुवेदी	5	1000	4250
10	स.क.अ. चुन ब. मगर	9	1000	7650
11	स.क.अ. सुदिप श्रेष्ठ	11	1000	9350
12	राजश्व शाखा हिरालाल अधिकारी	5	1000	4250
13	स.क.अ. गिरिराज खड्का	3	1000, 1500	2975
14	खरिदार बचनदेव कुमर	1	1000	850
15	शा.अ. कुमार प्र. दाहाल	2	1000, 1500	2125
16	हे.अ. पंकज के.सी	4	1000, 1500	3825
17	इ.प्र.का. प्रमुख चन्द्र शिवाकोटी	5	1000	4250
18	रो. संयोजक विनोद कुमार धमाल	9	1000	7650
19	का.स. पर्शुराम दनुवार	10	1000	8500

20	सदस्य इन्द्र कु.साह	1	1000	850
21	सदस्य सुरेश दाहाल	7	1000	5950
22	सदस्य चतुरीमाया राई	6	1000	5100
23	आ.प्र.शाखा रामशरण महतो	4	1000	3400
24	मे.सु. निराजन पराजुली	2	1000	1700
25	मे.सु. डा. राजकुमार गजमेर	3	1000	2550
26	क.अ. मेघराज राई	4	1000	3400
27	प्रा.श केशर कार्की	4	1000	3400
28	स.इ. गोविन्द कार्की	4	1000	3400
29	का.स. रामु चौधरी	3	1000	2550
30	महिला शाखा राज्यलक्ष्मी श्रेष्ठ	1	1000	850
31	प्रा.श एलिका मगर	2	1000	1700
	जम्मा			143650

५६.२	1156	२०७८-२-३१	**न्यायिक समिति वैठक भत्ता –** समानिकरण चालु -गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, 2075मा न्यायिक समितिमा रहेका सदस्यले मात्र नियमानुसार न्यायिक समितिको बैठक भत्ता पाउने व्यवस्था रहेको छ। देहायका कर्मचारीले न्यायिक समितिको बैठक वापत भुक्तानी लिएको हुँदा कानुनी आधार पेश नभएकोले असुल हुनु पर्ने रु.	३२,६४०

क्र.सं	कर्मचारीको नाम र पद	बैठक संख्या	बैठक दर	रकम कर बाहेक
1	कानुनी सल्लाहकार विदुर राउत	16	1200	16320
2	अभिलेख प्रशासक कुशल राउत	16	1200	16320
	जम्मा			32640

https://nams.oag.gov.np

५७

सक्कल बिल भर्पाई

सक्कल बील पेश नभएको - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार बिलको छायाप्रति राखी भुक्तानी दिएकोले सक्कल बिल पेश गर्नु पर्ने रु.

गो.भौ.नं/मिति	फर्मको नाम	विजक नं/मिति	सामानको विवरण	रकम
1262-78/3/9	साँग्रीला इन्फरमेटिक्स प्रा.ली	199-78/3/4	वार्षिक प्राविधिक शुल्क	89835
	जम्मा			89835

८९,८३५

५८

करार कर्मचारी थप सुविधा

करार कर्मचारी थप सुविधा – सामान्य प्रशासन मन्त्रालयको चलानी नं 217 मिति 2074/01/25 मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति 2074/01/21 को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष 2074/075 बाट लागु हुने गरी कम्तिमा 6 महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा पालिकाले निम्नानुसारका दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख गरेको भनी स्थायी कर्मचारी सरह महङ्गी भत्ता भुक्तानी गरेको सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु.

क्र.सं	करार कर्मचारीको नाम र पद	महङ्गी भत्ता मासिक	भुक्तानी भएको अवधि	रकम
1	सहायक पाचौं सुर्य ब. खड्का	2000	2077 श्रावण-2078 असार	24000
2	स.क.अ गिरीराज खड्का	2000	2077 श्रावण-2078 असार	24000
3	क.अ. चुन ब. मगर	2000	2077 श्रावण-2078 असार	24000
4	क.अ. सुदिप श्रेष्ठ	2000	2077 श्रावण-2078 असार	24000
5	आइ.टि. अफिसर रोशन कार्की	2000	2077 श्रावण-2078 असार	24000
6	का.स रामु चौधरी	2000	2077 श्रावण-2078 असार	24000
7	का.स पर्शुराम दनुवार	2000	2077 श्रावण-2078 असार	24000
	जम्मा			168000

१६८,०००

५९			**कानुनी सल्लाहकार** **कानुनी सल्लाहकार** – प्रदेश नं 1 गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2075(पहिलो संशोधन समेत) को दफा 3 को उपदफा 3 मा नगरपालिका। गाउँपालिकाको हकमा प्रमुख।अध्यक्षले र उपप्रमुख।उपाध्यक्षले नगर।गाउँपालिकाको राजश्व र आन्तरिक आय एंव कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्नेछ भनी व्यवस्था भएको छ।यस ऐनमा पालिकाले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन।तर पालिकाले मिति 2077।3।31 गतेको टिप्पणीका आधारमा मिति 2075।01।03 मा सम्झौता भइ न्यायिक समितिको परामर्शदातामा अधिवक्ता विदुर ब. राउतलाई नियुक्ति गरेकोमा 2077।78 मा निरन्तरता दिने गरी उपप्रमुखद्वारा निर्णय गरी स्वीकृति दिई मासिक रु.18,000। (चाडपर्व सहित) का वार्षिक दरले जम्मा रु.2,34,000। भुक्तानी गरेकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख गरेकोले नियमित नभएको रु.	२३४,०००
६०			**जिन्सी दाखिला** **जिन्सी दाखिला** - आर्थिक कार्यविधि ऐन,2055 को दफा 13(1) अनुसार जिन्सी माल सामान 7 दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ। कार्यालयले निम्नानुसारका जिन्सी मालसामानहरु नियमानुसार दाखिला नगरेको साथै अन्य संघसंस्थालाई वितरण गरेकोमा उक्त संघसंस्थाले आफ्नो जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नगरेकोले सम्बन्धितले दाखिला गरी प्रमाण पेश हुनु पर्ने रु.	३२६,३४०

गो.भौ.नं/मिति	फर्म/कार्यक्रमको नाम	बिल नं/मिति	सामाग्रीको नाम	परिमाण	रकम
76-77/6/13 गत	विनिशा स्टोर्स	166-77/3/22	विविध सामाग्री	विविध परिमाण	16330
1469-78/3/23	न्यु विनिशा फर्निसिङ्ग सेन्टर	409-78/3/22	सोफासेट, दराज, अफिस टेबल, कार्पेट	1/1/1/20	98310
1529-78/3/25	मकालु प्रकाशन गृह	699-78/3/16	नेपाल दर्शन यात्रा उपन्यास	175 थान	40000
773-77/12/2	विविध फर्म/न्यु त्रिवेण म.व.उ.स.सं.लि.	विविध	विविध कृषि तथा कार्यालय सामाग्री	विविध परिमाण	117450
1638-78/3/29	विनिशा स्टोर्स	विविध	कार्पेट, कुर्सी, अफिस टेबल, दराज	विविध परिमाण	54250
			जम्मा		326340

६१	285	२०७७-७-२८	**कर्मचारी प्रोत्साहन भत्ता** **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष 11 जना कर्मचारीलाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट मिति 2077 श्रावण देखि कार्तिक सम्म शुरु तलब स्केलको 30% रकम वापत जम्मा रु. 3,75,084। मा 15% कर कट्टी गरी खुद रु.3,18,821। रकम प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	३१८,८२१
६२			**सवारी साधन**	

सवारी साधन - आर्थिक कार्यविधि ऐन, 2055 को दफा 13(1) अनुसार जिन्सी माल सामान 7 दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ। कार्यालयले आ.व 2077/78 मा प्याम्स लागु गरेको छैन। कार्यालयले कार्यालयमा भएको जिप, मोटरसाइकल र स्कुटी लगायतका सवारी साधनहरु जिन्सी खातामा आम्दानी बाधेपनी सहायक जिन्सी खातामा चढाएको देखिएन साथै उक्त सवारीसाधन कसलाई जिम्मा दिइएको छ भनी कुनै अभिलेख राखेको छैन। यस तर्फको कार्यालयको ध्यान जानु पर्दछ।

६३ — **विद्युत जरिवाना** — ११३,४९७

विद्युतको जरिवाना भुक्तानी - कार्यालयले नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको विलहरुको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विषयगत शाखाको विभिन्न महिनाको विद्युत खपत वापतको रकम म्याद समाप्त भएपछि 5%, 10% र 25% सम्म जरिवाना थप गरी भुक्तानी गरेको नियमानुसार नदेखिएको रु.

गो.भौ.नं/मिति	बिल नं	बिल रकम	जरिवाना दर	जरिवाना रकम
258-77/7/26 चालु	विभिन्न 7 थान बिल	222577	5%, 10% र 25%	44734
276-77/7/27 चालु	86110	8972	5%, 10% र 25%	1776
314-77/8/30 चालु	88466	189163	5%, 10% र 25%	43293
564-77/10/18 चालु	117184	10026	5%, 10% र 25%	2208
603-77/10/27 चालु	विभिन्न 6 थान बिल	80377	5%, 10% र 25%	13806
1286-78/3/10 चालु	विभिन्न 6 थान बिल	53775	5%, 10% र 25%	7681
		जम्मा		113497

६४ — **ईन्धन र मर्मत खर्च**

६४.१ — **आदेश वेगर मर्मतः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मेसिनरी औजार तथा सवारी साधन मर्मत गर्दा मर्मत आदेश भरी कार्यालय प्रमुख बाट स्वीकृत गराई मर्मत गर्नुपर्नेमा कतिपय मर्मत कार्यमा मर्मत आदेश र इस्टिमेट प्रयोग नगरेको अवस्था देखिएकोले नियमित गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

६४.२ — **लगबुक बेगर ईन्धन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ईन्धन वापत भुक्तानी गर्दा कतिपयमा लगबुक राखेको देखिएन।यसरी नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

६५ — **मासिक डोर र ज्यालादारी कर्मचारी** — ७४४,४३०

मासिक डोर र ज्यालादारी कर्मचारी – संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति 2075।10।09 चलानी नं 3079 को परिपत्र मार्फत स्थानिय सरकार संचालन ऐन 2074 को दफा 83 को उपदफा 6 मा स्थानिय तहको सेवा संचालनको लागि अस्थायी दरबन्दि सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ। सोही दफाको उपदफा 8 मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाई सम्बन्धि पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सोही ऐनको दफा 87 मा उल्लेखित अवस्थाका र माथि लेखिए बाहेकका अन्य पद तथा सेवाका करारबाट पदपूर्ति गर्न पाइनेछैन भन्ने कानुनी व्यवस्था रहेको छ। यस मन्त्रालयबाट मिति 2074।12।14 मा जारी स्थानिय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, 2074 अनुसार करार गरिएको पद वा दरबन्दिमा समायोजन भइ कर्मचारी आएपछि त्यस्तो दरबन्दिमा गरिएको करार स्वत समाप्त हुने कार्यविधि विपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरबन्दि भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब, भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने, यस्तो कार्य प्रचलित कानुन विपरित भइ बेरुजु कायम हुने हुदा बेरुजु भएको उक्त रकम भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा सम्बन्धित सबै स्थानिय तहलाई लेखी पठाउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति 2075।10।08 को निर्णयानुसार भएकोमा यस नगरपालिकाले निम्नानुसार मासिक डोर तथा ज्यालादारीमा कार्य गराइ उल्लेखित कार्यविधि विपरित खर्च लेखेको रु.

गो.भौ.नं/मिति	पदको विवरण	संख्या	महिना	रकम
543-77/10/9	सुपरभाइजर वडा नं 4	1	पौष	26825
639-77/10/28	कर संकलक	2	मंसिर पुष	40920
727-77/11/19	कर संकलक	2	माघ	18600
764-77/12/2	योजना सुपरभाइजर	1	माघ फागुन	54575
786-77/12/17	कर संकलक	1	फागुन	17980
863-77/12/25	फिल्ड सहायक वडा नं 4	4	माघ फागुन	65720
875-77/12/26	लगत संकलक वडा नं 3	4	माघ फागुन	37200
1056-78/2/23	फिल्ड सहायक वडा नं 9	7	माघ फागुन	92380
1058-78/2/23	फिल्ड सहायक वडा नं 5	4	माघ फागुन	35960
1082-78/2/25	ईन्जिनियर र सुपरभाइजर	2	77 फागुन – 78 जेठ	192450
1090-78/2/25	फिल्ड सहायक वडा नं 7	3	माघ फागुन	42780
1368-78/3/18	फिल्ड सहायक	2	माघ फागुन	29760
1393-78/3/20	सहजकर्ता	1	078 बैशाख	38440
1424-78/3/22	फिल्ड सहायक	1	078 जेठ	19220
1735-78/3/30	फिल्ड सहायक	1	-	31620
	जम्मा			744430

६६

सफ्टवेयर खरिद

सफ्टवेयर खरिद: नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, 2071 को बुँदा नं. 4.1 मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको

१,६११,९३७

छ। स्थानीय तहले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. 16,11,937।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। साथै यसरी खरिद गरिएका सफ्टवेयरहरु जिन्सी खातामा आम्दानी बाँधेर राख्नुपर्नेमा कार्यालयले जिन्सी आम्दानी बाधेको नदेखिएकोले नियमित हुनुपर्ने रु.

गो.भौ.नं/मिति	फर्मको नाम	सफ्टवेयरको विवरण	रकम	कैफियत
456-77/9/21	स्मार्ट टेक सोलुसन प्रा.ली	स्मार्ट रोड सफ्टवेयर	150000	जिन्सी दाखिला नभएको
6060-77/10/20 र 1250-78/3/9	ड्रिम वर्क सोलुसन	उत्पादन नियन्त्रण प्रणाली सफ्टवेयर	1461937	जिन्सी दाखिला नभएको
	जम्मा		1611937	

६७

वितरणमुखी कार्यक्रम

वितरणमुखी कार्यक्रम - स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ । पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो ।यस्तो योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमा खेलकुद कार्यक्रम, शैक्षिक सामाग्री/व्यवस्थापन, लक्षित वर्ग कार्यक्रम, तालिम, कृषि, पशु अभिमुखिकरण कार्यक्रम, सर्वे प्रोफाइल, पाश्वर्य चित्र तयारी लगायत शिर्षकमा रु. 2,33,57,823। भुक्तानी खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ ।

क्र.सं	वितरणमुखी कार्यक्रम	रकम
1	पशु, कृषि तथा विविध कार्यक्रम	17161387
2	तालिम कार्यक्रम	1571066
3	खेलकुद कार्यक्रम	4395140
4	शिक्षा	230230
	जम्मा	23357823

६८

कोभिड 19 खर्च

कोभिड-19 मा भएको खर्च - वित्तिय समानीकरण चालु बजेटबाट एकमुष्ट नगर सभा परिषद्को निर्णय अनुसार छुट्याइएको रकम विपद व्यवस्थापन कोष/कोभिड कोषमा जम्मा गरि सो कोषबाट कोभिड-19 मा लागेको खर्च लेख्नु पर्नेमा परिषद्को निर्णय नभएको कार्यमा सोझै चालु अनुदानबाट रु.67,00,000। बजेट विनियोजन गरी खर्च लेखेको देखिन्छ ।

६९ — ३००,०००

राष्ट्रिय परिचयपत्र कार्यक्रम

बिल भर्पाई बेगर - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले राष्ट्रिय परिचयपत्र बनाउने कार्यका लागि मिति 2077।09।13 गतेको कार्यपालिका बैठकको निर्णय नं 8 ले प्रत्येक वडालाई रु.30,000। का दरले रकम उपलब्ध गराउने निर्णय गरेकोमा उक्त

कार्यक्रमको बिल भर्पाइ पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.

गो.भौ.नं/मिति	भुक्तानी पाउनेको विवरण	रकम
471-77/9/23	चन्द्र दिप पौडेल	30000
471-77/9/23	धन कुमार दनुवार	30000
471-77/9/23	राम ब. पोखरेल	30000
518-77/10/7	वडा नं 11 खड्ग ब. राउत	30000
518-77/10/7	वडा नं 10 बुद्धि विलास भट्टराई	30000
518-77/10/7	वडा नं 13 रिणु कुमारी श्रेष्ठ	30000
530-77/10/8	वडा नं 6 र्ण ब. थापा	30000
548-77/10/14	वडा नं 1 सुर्य ब. खड्का	30000
580-77/10/19	वडा नं 2 दुर्गा ब. कार्की	30000
592-77/10/20	वडा नं 14 राज कुमार प्याकुरेल	30000
	जम्मा	300000

७०

विपद व्यवस्थापन तथा राहत वितरण कार्यक्रम

विपद व्यवस्थापन तथा राहत वितरण कार्यक्रम - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बाढी, पहिरो, आगलागी लगायतको विपदमा व्यक्ति वा संघसंस्थालाई राहत उपलब्ध गराउने उदेश्यले विपद व्यवस्थापन समितिको निर्णय गरी विपद व्यवस्थापन तथा राहत वितरण कार्यक्रम र अन्य सामाजिक सहायता शिर्षकबाट राहत उपलब्ध गराएतापनि निम्नानुसारका राहत वितरणमा प्रहरीको मुचुल्का र घटनास्थलको फोटो बेगर समितिको निर्णयका आधारमा वितरण गरेको देखियो। यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

गो.भौ.नं/मिति	राहत पाउने व्यक्ति वा संस्था	विवरण	राहत रकम
190-77/6/28	वडा नं 12 उमानाथ दाहाल	वर्षाले घरबाली र धानखेत क्षति	15000
190-77/6/28	वडा नं 12 नन्दलाल धमला	वर्षाले घरबाली र धानखेत क्षति	15000
484-77/9/23	वडा नं 1 नर बहादुर मगर	आगलागी पिडित	25000
511-77/10/6	वडा नं 10 केवल नारायण श्रेष्ठ	आगलागी पिडित	300000
814-77/12/23	लोक ब. कार्की	पहिरो पिडित	25000
1187-78/3/2	कालिस लोकल कुखुरा खरिद विक्री केन्द्र	रोग लागी कुखुरा मरेका	200000
1506-78/3/25	वडा नं 12 ज्ञान ब. नेपाली	बाढी पहिरो पिडित	25000
1506-78/3/25	वडा नं 12 उमानाथ दाहाल	बाढी पहिरो पिडित	20000
1506-78/3/25	वडा नं 12 थीर ब. कार्की	बाढी पहिरो पिडित	20000
1506-78/3/25	वडा नं 12 पूर्ण ब. बस्नेत	बाढी पहिरो पिडित	20000
1602-78/3/28	वडा नं 9 देवक थापा मगर	हावाहुरी पिडित	25000
1603-78/3/28	वडा नं 9 चेत ब. खड्का	हावाहुरी पिडित	25000
1607-78/3/28	वडा नं 12 तुलसी प्र. पौडेल	बाढी पहिरो पिडित	20000
1607-78/3/28	वडा नं 12 लोक ब. बस्नेत	बाढी पहिरो पिडित	10000
1640-78/3/29	विनोद तामाङ्ग	आगलागी पिडित	20000
1646-78/3/29	वडा नं 9 गणेश ब. सार्की	पहिरो पिडित	20000
1646-78/3/29	वडा नं 9 चन्द्र ब. आले	पहिरो पिडित	20000
1646-78/3/29	वडा नं 9 सुर्य ब. मगर	पहिरो पिडित	20000
1707-78/3/30	वडा नं 5 मोहन जोगी	आगलागी पिडित	25000

				1713-78/3/30	वडा नं 1 कमला तामाङ्ग	बाढी पहिरो पिडित	15000	
				1713-78/3/30	वडा नं 1 काशीनाथ पोखरेल	बाढी पहिरो पिडित	10000	
				1713-78/3/30	वडा नं 1 मंगल ब. भुजेल	बाढी पहिरो पिडित	15000	
				1713-78/3/30	वडा नं 1 मान ब. सुनुवार	बाढी पहिरो पिडित	15000	
				1713-78/3/30	वडा नं 1 सम्बर ब. सुनुवार	बाढी पहिरो पिडित	20000	
				1713-78/3/30	वडा नं 1 सुर्य ब. सुनुवार	बाढी पहिरो पिडित	25000	
				1721-78/3/30	वडा नं 9 गम्भिर ब. दमाइ	बाढी पहिरो पिडित	20000	
				1721-78/3/30	वडा नं 9 सपना खत्री	बाढी पहिरो पिडित	20000	
					जम्मा		990000	
७१			**भ्रमण तथा अनुगमन भत्ता**					
७१.१			**भ्रमण / अनुगमन प्रतिवेदन पेश नगरेको –** भ्रमण खर्च नियमावली, 2064 को नियम 7 बमोजिम दैनिक भ्रमण भत्ता प्राप्त गर्ने कर्मचारी वा पदाधिकारीले नियमानुसार भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको साथै कर्यालयले संचालन गरेको योजना तथा कार्यक्रमको समय समयमा अनुगमन तथा मुल्याङ्कन गरी अनुगमन वापत भुक्तानी लिदाँ अनिवार्य रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा कार्यालयमा विभिन्न कामको सिलसिलामा भ्रमण/अनुगमन गरेका पदाधिकारी र कर्मचारीले भ्रमण आदेश र भ्रमण बिल संग भ्रमण/अनुगमन प्रतिवेदन पेश नगरेको पाइयो। यसरी नियममा भएको व्यवस्थाको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।					
७१.२			**दैनिक भ्रमण भत्ता:-** भ्रमण खर्च नियमावली 2064 बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ । कार्यालयमा निम्नानुसारका कर्मचारीले हाजिरी गरी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोले हाजिरी गरी भत्ता भुक्तानी लिएको सम्बन्धितबाट असुल हुनु पर्ने रु.					२८,८००

https://nams.oag.gov.np

गो.भौ.नं/मिति	कर्मचारीको नाम र पद	भ्रमण स्थान	भ्रमण मिति	हाजिरी मिति	रकम
199-77/6/28 चालु	शा.अ. कुमार प्रसाद दाहाल	वडा	2077/6/11-17	2077/6/11-17	10000
199-77/6/28 चालु	स्रोत व्यक्ति सुर्य ब. कार्की	वडा	2077/6/11-17	2077/6/11-17	10000
293-77/7/2 चालु	ले.अ. दिलिप कु. श्रेष्ठ	वडा	2077/7/18-24	2077/7/23-24	1600
1-77/7/3 प्रकोप	प्र.प्र.अ गणेश प्र. अर्याल	बेलसोत क्वारेन्टिन	2077/5/22-24	यही मितिमा काठ्माडौ ppmo काज	3600
1-77/7/3 प्रकोप	प्र.प्र.अ गणेश प्र. अर्याल	बेलसोत क्वारेन्टिन	2077/6/14-16	2077/6/14-15	1600
1-77/7/3 प्रकोप	ले.अ. दिलिप कु. श्रेष्ठ	बेलसोत क्वारेन्टिन	2077/6/25-27	2077/6/26-27	2000
	जम्मा				28800

७१.३			**अनुगमन भत्ता** – गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,2075 को दफा 3 को उपदफा 1 को अनुसुची 1(क) मा नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधाको व्यवस्था गरिएकोमा मासिक रुपमा नै अनुगमन वापत भुक्तानी पाउने उल्लेख छ साथै कार्यालयमा कार्यरत कर्मचारीहरुले कुनै पनि योजना वा कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत भ्रमण खर्च नियमावली, 2064 मा व्यवस्था भए अनुसारको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। कार्यालयले माथी उल्लेखित व्यवस्था अनुरुप नियमानुसार कार्यक्रमको अनुगमन गरे वापत अनुगमन र दैनिक भ्रमण भत्ता उपलब्ध गराएपश्चात पनि निम्नानुसारको कार्यक्रमको अनुगमन गरे वापत पदाधिकारी र कर्मचारीलाई अनुगमन भत्ता उपलब्ध गराएको रकम नियमसम्मत नदेखिएकोले सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु.	८६,८५०

क्र.सं	गो.भौ.नं/मिति	पदाधिकारी/कर्मचारीको नाम पद	कार्यक्रमको नाम	दिन	दर	रकम कर बाहेक
1	1732-3/30	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	वडा नं 8 कृषि कार्यक्रम	3	1600	4800
2	221, 928, 1399	नगर उपप्रमुख भिमकुमारी राउत	विविध	7	1000, 1600	6970
3	221-6/30	प्र.प्र.अ. गणेश प्रसाद अर्याल	बजार अनुगमन	2	1000	1700
4	928 1732	प्र.प्र.अ. अमर प्रसाद भट्ट	विविध	5	1000, 1600	6500
5	221 928 1399 1732	लेखा अधिकृत दिलिप श्रेष्ठ	विविध	7	1000, 1600	8710
6	221-6/30	इ.प्र.का का.प्र. चन्द्र शिवाकोटी	बजार अनुगमन	2	1000	1700
7	221 928	वडाध्यक्ष वडा नं 3 राम बहादुर पोखरेल	विविध	3	1000	2550
8	221-6/30	उ.वा.संघ अध्यक्ष पुस्कर खड्का	बजार अनुगमन	1	1000	850
9	221-6/30	आ.वि.शा रामशरण महतो	बजार अनुगमन	4	1000	3400
10	221-6/30	स्वा.शा. सुरेश दाहाल	बजार अनुगमन	1	1000	850
11	221-6/30	प्र.नि जिवन बोगटी	बजार अनुगमन	1	1000	850
12	221-6/30	मनोनित मिना कोइराला	बजार अनुगमन	2	1000	1700
13	221-6/30	खरिदार वचन देव कुमर	बजार अनुगमन	1	1000	850
14	221-6/30	प्रतिनिधि महेन्द्र लाल दास	बजार अनुगमन	1	1000	850
15	221-6/30	प्रतिनिधि गोविन्द ब. कार्की	बजार अनुगमन	2	1000	1700
16	221-6/30	प्र.ना.नी भोजराज श्रेष्ठ	बजार अनुगमन	1	1000	850
17	221-6/30	प्रतिनिधि वंशीधर न्यौपाने	बजार अनुगमन	2	1000	1700
18	221 1732	खरिदार सोनु मिश्र	बजार अनुगमन	7	1000	9250
19	221-6/30	खरिदार कुन्ता गिरी	बजार अनुगमन	2	1000	1700

20	221-6/30	खरिदार हिरालाल दनुवार	बजार अनुगमन	1	1000	850		
21	221-6/30	खरिदार रविन्द्र राई	बजार अनुगमन	1	1000	850		
22	221, 1732	खरिदार चुन मगर	विविध	4	1000, 1200	4450		
23	928-1/14	वडा सदस्य विर कुमारी कायस्थ	सिलाइ कटाइ तालिम	2	1000	1700		
24	1399-3/20	वडाध्यक्ष धन कुमार दनुवार	जनचेतना मुलक कार्यक्रम	2	1600	2720		
25	1399-3/20	म.वि.अ. चतुरीमाया राई	जनचेतना मुलक कार्यक्रम	1	1600	1360		
26	1399-3/20	म.वि.नि. राज्यलक्ष्मी श्रेष्ठ	जनचेतना मुलक कार्यक्रम	1	1600	1360		
27	1399-3/20	वडा सदस्य सुविन ढुङ्गाना	जनचेतना मुलक कार्यक्रम	1	1600	1360		
28	1399-3/20	वडा सदस्य रिता लाखे	जनचेतना मुलक कार्यक्रम	1	1600	1360		
29	1399-3/20	वडा सचिव हस्त ब. दनुवार	जनचेतना मुलक कार्यक्रम	1	1600	1360		
30	1732-3/30	वडाध्यक्ष कमल श्रेष्ठ	वडा नं 8 कृषि कार्यक्रम	3	1600, 1200	4800		
31	1732-3/30	वडा सचिव विशाल कु. गुरुङ	वडा नं 8 कृषि कार्यक्रम	3	1600, 1200	3600		
32	1732-3/30	स.ले.प. डोरनिधि सुवेदी	वडा नं 8 कृषि कार्यक्रम	3	1600, 1200	3600		
		जम्मा				86850		

७२			**कार्यक्रम बिल भर्पाई** **वितरण भर्पाइ पेश नभएको** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका सामाग्रीहरु खरिद गरेकोमा सम्बन्धितलाई वितरण गरेको भर्पाइ पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.	३,९१२,९८४

गो.भौ.नं/मिति	सामाग्रीको विवरण	फर्मको नाम	बिल नं	रकम
26-77/6/6	विविध खेलकुद सामाग्री	पुमा स्पोर्टस सेन्टर	112, 114	24350
58-77/6/11	रेनकोट, रुमाल, छाता र त्रिपाल	आचार्य शु सेन्टर	335, 326, 331, 329	55010
334-77/9/2	साबुन र थर्मलगन ब्याट्रि	शुभकामना फोटो स्टुडियो	249, 251, 247	47400
1375-78/3/18	छाता रेनकोट र ब्याग	न्यु अभिसिद्धि ट्रेडर्स र आचार्य शु सेन्टर	133, 8 र 3	149910
1409-78/3/21	बंगुरको पाठापाठी (5 वटाको भर्पाइ बाकी)	कटारी बहुउदेश्यिय पशुपालन फर्म	12	43750
1417-78/3/21	वडा नं 4 बयरबोका वितरण (5 वटा)	श्री बैजनाथ व्यावसायिक कृषि फर्म	87	500000
1483-78/3/24	वडा नं 10 बयर बोका वितरण (4 वटा)	सयपत्री बाख्रापालन तथा कृषि फर्म	15	498000
1605-78/3/28	वडा नं 10 बयर बोका वितरण 87% (4 वटा)	श्री बैजनाथ व्यावसायिक कृषि फर्म	88	498000
1628-1632-3/29	मिनि ट्रिलर वितरण (3 वटा वितरण बाकी)	स्मार्ट एग्रोसोलुसन्स प्रा.ली र नयाँ तुलसी फोर व्हील्स प्रा.ली	1851, 1850, 704	227700
1689-78/3/29	वडा नं 8 62.5% गुण भएको बयरबोका वितरण	सुन्दरपुर कार्की बाख्रा फर्म	11	380000
1693-78/3/29	वडा नं 7 तरकारीको बिउ र धानको बिउ वितरण	त्रियुगा एग्रोभेट सेन्टर	471, 458	279680
1699-78/3/29	वडा नं 2 कर्न सेलर 20 थान र स्प्रेयर 20 थान वितरण	जय लक्ष्मी ट्रेडर्स	77	499999
1730-78/3/30	वडा नं 7 टनेल प्लास्टिक 50 पिस वितरण	जय लक्ष्मी ट्रेडर्स	79	219995
1737-78/3/30	विविध निर्माण सामाग्री वितरण	नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स	7014	124660
1642-78/3/29	पोलिहाउस निर्माण सामाग्री फिटिङ सहित 1 सेट	जि सेभेन एग्रिकल्चर	1205	275000
1652-78/3/29	वडा नं 12 प्रा.वि तह विद्यालय सामाग्री वितरण	अनुप पुस्तक पसल	68, 66	49980
1671-78/3/29	फोम चकटी 100 पिस	न्यु विनिशा फर्निसिङ्ग सेन्टर	405	39550
	जम्मा			3912984

७३

समानिकरण अनुदानबाट शिक्षक तलब

समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण चालु अनुदानबाट निम्नानुसार रु. 6,00,000। तलब भत्ता भुक्तानी गरेको पाईयो ।

गो.भौ.नं/मिति	विद्यालयको नाम	अनुदान रकम
598-77/10/20	श्री आ.वि सिरिसे आहाले (1-8)	100000
1188-78/3/2	श्री मा.वि लिम्पाटार (1-10)	250000
1553-78/3/26	श्री चन्द्रावती मा.वि लेखानी	150000
1641-78/3/29	श्री आ.वि (0-8) हर्देनी चिलाउने	100000
	जम्मा	600000

७४ — ३८९,११५

नाफामुलक संस्थालाई अनुदान

नाफामूलक संस्थालाई अनुदान - स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 76 वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले यस वर्ष निम्नानुसारका नाफामुलक संस्थालाई बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयको आधारमा रु.3,89,115।- अनुदान उपलब्ध गराएको रकम नियम सम्मत नदेखिएको रु.

गो.भौ.नं/मिति	संघसंस्थाको नाम	अनुदानको विवरण	अनुदान रकम	कैफियत
1429-3/22	सुर्यमुखी कृषि सहकारी संस्था लि.	मिल्क एनलाइजर, पनिर प्रेस, पाश्चराइजेसन खरिद	300000	सम्बन्धित कृषि फर्मले जिन्सी दाखिला नगरेको
1520-3/25	हर्देनी बहुउदेश्यीय सहकारी संस्था लि.	फर्निचर तथा कार्यालय सामाग्री	89115	
		जम्मा	389115	

७५ — ३७६,३३७

आयुर्वेदिक सट्टा बिदा (सशर्ततर्फ)

गो.भौ.नं 444-78/3/13 – सार्वजनिक खर्चमा मितव्ययीता तथा प्रभावकारीताकायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन 2075 को बुदाँ नं 26 ले महँगी भत्ता, पोषाक भत्ता र स्थानिय भत्ता बाहेक अरु सबै भत्ता खारेज गर्ने व्यवस्था गरेको छ। पालिकाले आयुर्वेद सेवा तथा बैकल्पिक चिकित्साका कर्मचारीहरुलाई सार्वजनिक विदाको दिन काम गरे वापत अतिरिक्त भत्ता (सट्टा विदा) मा 2 जना क.नि.अ, 1 जना बैद्य र 2 जना कविराज गरी 5 जना कर्मचारीलाई न्युनतम 51 देखि बढीमा 68 दिन सम्म दैनिक रु.1,064।40 देखि 1,559।66 का दरले जम्मा रु. 3,76,337। खर्च लेखेको देखियो। सार्वजनिक विदामा ओपिडि सेवा बन्द रहने, इमर्जेन्सी सेवा तथा इनप्यासेन्ट सेवा प्रवाह नहुने हुँदा अतिरिक्त खर्चको औचित्य पुष्ट्याइ हुनु पर्ने रु.

७६ — १०,६७४

रितपूर्वक कर बिजक जारी नभएको (सशर्ततर्फ)

गो.भौ.नं. 46-77/7/26 - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर नव सन्देश मिडिया प्रा.ली. (भ्याट नं 604273019) बाट बिल नं 01-2077/5/12 को मु.अ.कर रु. 10,674। समेत रु. 92,784।– सुचना प्रकाशन वापत भुक्तानी गरेकोमा बिजक नम्बर हातले लेखेको पाइयो। तसर्थ उक्त मिडिया प्रा.लीले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको रकमको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

७७

वितरण प्रमाण पेश नभएको (गरिबसंग विशेश्वर कार्यक्रम)

गो.भौ.नं/मिति – 30/78/3/20 - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले वडानं 10 को वडा स्तरिय योजना छनौट वैठक मिति 2077/2/26 को निर्णयबाट मिति 2077/3/3को विजक नं 6601 बाट निम्नानुसार सामान खरिद गरी सम्बन्धित सरोकार वालाको निवेदनतथा बुझेको भर्पाइ वेगर वडा नं 10 वडा सदस्य तिलक ब. श्रेष्ठलाई हस्तान्तरण गरेको भर्पाइ आधारमा खर्च लेखेकोले लाभग्राहीले बुझेकोको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं	सामानको विवरण	परिमाण	रकम
1	सादा हुलास	72 पिस	74336
2	सादा पाता	40 पिस	4779
3	सिमेन्ट	6 बोरा	4248
4	काटी	9 के.जि	1755
5	तार	2 के.जि	265
6	भ्याट		11100
	जम्मा		96483

९६,४८३

७८

प्रमाण कागजात पेश नभएको (बहुक्षेत्रिय पोक्षण कार्यक्रम)

बहुक्षेत्रिय पोषण कार्यक्रम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुत्केरी र गर्भवति भएका महिलाहरुलाई पोषणयुक्त खानेकुरा र आवश्यक सामाग्री वितरण गर्दा वितरण गरेको भर्पाइ र सुत्करी वा गर्भवती भएको स्वास्थ्य चौकी वा अस्पतालको कागजात र बालबालिकाको जन्मदर्ता लगायतका प्रमाण कागजात वेगर भुक्तानी गरेकोले प्रमाण पेश हुनु पर्ने रु.

२,६९०,७३८

गो.भौ.नं/मिति	विक्रेताको नाम	विवरण	परिमाण	रकम
446-78/3/14 ससर्त	रितिक किराना पसल	आयोनुन	840 के.जि	21000
446-78/3/14 ससर्त	रितिक किराना पसल	तोरीको तेल 500 मि.लि.	840 पाकेट	104160
446-78/3/14 ससर्त	मुस्कान किराना पसल	वासमती चामल 5 के.जि	190 पाकेट	142500
446-78/3/14 ससर्त	मुस्कान किराना पसल	ज्वानो 200 ग्रा.	840 पाकेट	78120
446-78/3/14 ससर्त	मुस्कान किराना पसल	वासमती चामल 5 के.जि	650 पाकेट	487500
			भ्याट माथीको	23695
457-78/3/15 ससर्त	दक्षिणकाली व्याग उद्योग	व्याग लोगो सहित	840 थान	382527
461-78/3/15 ससर्त	सवि सप्लायर्स	काजु	840 पाकेट	142854
497-78/3/17 ससर्त	आर.डि.एस. पोल्ट्री सप्लायर्स	अण्डा	120 कार्टुन	378000
503-78/3/18 ससर्त	न्यू रन्जु खरिद विक्री केन्द्र	चना दाना	840 के.जि	109200
503-78/3/18 ससर्त	न्यू रन्जु खरिद विक्री केन्द्र	राजमा	840 के.जि	168000
2-77/7/28 न.पा.स्वास्थ्य	विविध फर्म	घ्यु, ज्वानो, साबुन, आयोनुन, झोला, चामल लगायत	विविध परिमाण	69179
22-78/3/26 न.पा.स्वास्थ्य	धमला डेरी प्रोडक्ट प्रा.ली	घ्यु ½ के.जी	840 डब्बा	499999
24-78/3/27 न.पा.स्वास्थ्य	दास जेनेरल स्टोर	नेलकटर र काइयो	840/840 पिस	73072
26-78/3/27 न.पा.स्वास्थ्य	विविध फर्म	घ्यु	9 के.जि	10932
			जम्मा	2690738

७९			**विल भरपाई प्रमाण पेश नभएको**	
७९.१			**सिकाइ सहजीकरण (सशर्त)566-78/3/22** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले कोभिड 19 का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक	३९९,९५२

			कार्यक्रम कार्यान्वयन प्रक्रिया 1.1(ग) मा प्रविधिमा पँहुच नपुगेकालाई पहिचान गरी सो समूहले पाउने सुनिश्चित गरी विकसित सामाग्री छपाई तथा वितरण गर्नु पर्ने व्यवस्था गरी जनक अफसेट प्रिन्टर्सबाट (कक्षा 1 देखि 3 सम्मका विद्यार्थीका लागि) अभिभावकको सहयोगमा बालबालिकालाई पढाउने पुस्तक 1200 थान छपाई गरी रु.3,99,952। खर्च लेखेकोमा सम्बन्धितलाई वितरण गरेको भर्पाई पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.	
७९.२			**स्यानिटरी प्याड (सशर्त) गो.भौ.नं –130-2077/10/27** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले स्यानिटरी प्याड वापत 66 वटा विद्यालयहरुको खातामा रु.5,54,090। निकासा दिएकोमा विद्यालयहरुले स्यानिटरी प्याड खरिद गरेको बिल तथा विद्यार्थीहरुलाई वितरण गरेको भर्पाइ पेश नभएकोले खरिद बिल तथा वितरण भर्पाइ पेश गर्नुपर्ने रु.	५५४,०९०
७९.३				९,८१५,९००
८०			**शिक्षक व्यवस्थापनका लागि अनुदान** **226-77/12/25 ससर्त**- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति 2077।10।11 च.नं 173 को पत्रबाट आ.व. 2077/78 को सव बजेट उपशिर्षक नं 35000801 विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं 2.7.13.33 मा कुनै दरवन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) र 1 (एक) मात्र दरबन्दी वा राहत अनुदान भएका मा.वि. तहका अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक व्यवस्थापनका लागि शैक्षिक सत्रको 6 महिनाको लागि प्रति शिक्षक रु.2,16,000। का दरले अनुदान दिने व्यवस्था र निर्देशन भएकोमा उक्त शैक्षिक सत्र भित्र वा पुराना नियुक्त भएका र पठ्नपाठन गराइरहेका विषयगत शिक्षकलाई सेवा सुविधा प्रदान गर्नु पर्नेमा निम्नानुसारका शिक्षकलाई मिति 2077 माघ पछिमात्र नियुक्ति गरी एकै पटकमा 6 महिनाको सुविधा वापतको रकम विद्यालय खातामा निकाशा गरेकोले मन्त्रालयको निर्देशन र कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम वेगर खर्च गरेको रकम नियमानुसार नदेखिएको रु.	३,०२४,०००

विद्यालयको नाम	निर्णय मिति	नियुक्ति मिति	शिक्षकको नाम	निकासा रकम
दिपेन्द्र मा.वि जोगिडाडाँ	11/3/2077	11/4/2077	गणिय शिक्षक यज्ञराज कार्की	216000
दिपेन्द्र मा.वि जोगिडाडाँ	11/3/2077	11/4/2077	अंग्रेजी शिक्षक ईश्वर ब. राउत	216000
सरस्वती मा.वि. मोर्ले	11/1/2077	11/26/2077	गणित शिक्षक तेज नारायण साह	216000
सरस्वती मा.वि हर्देनी	12/2/2077	12/2/2077	अंग्रेजी शिक्षक भरत बोहरा	216000
सरस्वती मा.वि हर्देनी	12/2/2077	12/2/2077	विज्ञान शिक्षक बुद्धिलाल साह	216000
देवी मा.वि भुल्के	11/26/2077	11/25/2077	विज्ञान शिक्षक मिथिलेस कुमार यादव	216000
सरस्वती मा.वि हडैया	12/1/2077	12/1/2077	अंग्रेजी शिक्षक राज मण्डल	216000
सरस्वती मा.वि हडैया	12/1/2077	12/1/2077	विज्ञान शिक्षक संजय कुमार साह	216000
कालीका मा.वि. रतनपुर	11/19/2077	11/19/2077	गणित शिक्षक रमेन्द्र कुमार यादव	216000
कालीका मा.वि. रतनपुर	11/19/2077	11/19/2077	विज्ञान शिक्षक अमित कुमार चौधरी	216000
मा.वि. लिम्पाटार	10/21/2077	10/22/2077	विज्ञान शिक्षक रघुनन्दन यादव	216000
पञ्चावती मा.वि खसीवास	11/9/2077	11/15/2077	अंग्रेजी शिक्षक बुद्धिमान तामाङ्ग	216000
पञ्चावती मा.वि खसीवास	11/9/2077	11/15/2077	विज्ञान शिक्षक भोगेन्द्र प्र. यादव	216000
मा.वि. कालिखोला	11/7/2077	11/7/2077	विज्ञान शिक्षक राम प्र. गडेरी (पाल)	216000
	जम्मा			3024000

८१

औषधी खरिद

औषधी खरिद– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु २९४४७१७ का औषधी पटक पटक गरी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

-आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

-औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

-औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिकहुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८२

वितरण भरपाई र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसारका कृषि सामाग्रीहरु कृषकलाई वितरण गरेकोमा कृषक छनौट गरेको निर्णय, वितरण गरेको भर्पाइ र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.

गो.भौ.नं/मिति	फर्मको नाम	सामाग्रीको विवरण	सामाग्रीको परिमाण	रकम
598-78/3/23	सुविना सप्लायर्स एण्ड ट्रेडर्स	थोपा सिंचाइ सेट 250 लिटरको पानी टंकी	35 थान	245046
604-78/3/23	शोभन इन्कर्पोरेशन प्रा.ली	इन्फारेड चुलो	72 थान	396060
		जम्मा		641106

६४१,१०६

८३

बढी भुक्तानी

गो.भौ.नं 608-78/3/23 – प्रदेश नं १ कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि २०७६(पहिलो संसोधन २०७७ समेत) लाई आधार बनाई कार्यालयले व्यवसायिक बंगुर प्रवर्धन प्रादेशिक अभियान कार्यक्रम अन्तर्गत बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन समिति मार्फत 80 प्रतिशत अनुदानमा बंगुरको बच्चा (बुचा र भानु) वितरण गर्दा प्रतिज्ञा कृषि फर्मबाट 45 वटा खरिद गरी ढुवानी सहित रु. 3,97,000। र खोर निर्माण वापत विभिन्न फर्मबाट सामाग्री खरिद र निर्माणका लागि रु. 6,02,845। गरी जम्मा रु. 9,99,845। खर्च गरी भुक्तानी दिएकोमा रु. 8,87,525। मात्र भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी दिएको रु.1,12,320। मा कन्टिन्जेन्सी वापत रु.30,000। कट्टि गरी रु.82,320। रकम जनसहभागी वापतको रकम पनि भुक्तानी भएकाले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु.

८२,३२०

८४

सुन्तला र कागतीको विरुवा वितरण कार्यक्रम

गो.भौ.नं 549-78/3/21 – प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको 4.1.4 मा फलफूल अन्तर्गत पहाडमा 7 हेक्टर / 140 रोपनीमा प्रति रोपनी 20 वटा विरुवाका दरले वितरण गरी रोपण गर्नुपर्ने उल्लेख गरेकोमा कार्यालयले 7 हेक्टर / 140 रोपनीमा प्रति रोपनी 20 वटा विरुवाका दरले सुन्तलाको विरुवा 2800 थान र कागतीको विरुवा 2800 थान गरी कुल 5600 थान वितरण गर्नुपर्नेमा कोलवारी सुन्तला जात फलफूल नर्सरी उदयपुर बाट सुन्तला विरुवा 2600 थान र कागती विरुवा 500 थान गरी जम्मा 3100 थान खरिद र प्याकिङ्ग वापत रु. 3,33,000। खर्च लेख्नुपर्नेमा रु.10,00,000। खर्च लेखेकोले बढी खर्च रु.6,67,000। असुल गर्नुपर्ने रु.

६६७,०००

८५

सामाजिक सुरक्षा तर्फ

८५.१

सामाजिक सुरक्षा भत्ता बैंक मार्फत - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले आ.व. 2076/77 देखि नै भत्ता वितरणलाई प्रभावकारी बनाउनका लागि अनिवार्य रुपमा बैंङ्क मार्फत भत्ता वितरण गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले आ.व. 2077/78 मा 14 वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि6 वटा बैंक मार्फत भत्ता वितरण गरेका छन्। यसरी बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पहिलो र दोश्रो चौमासिक सामाजिक सुरक्षा वापत वितरण गरी बाकी रहेको रकम बैंकले कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरको खाता नं 109010010202000 मा र मिति 2078 अषाढ पछि वितरण गरी बाँकी रहेको रकम राजश्व शिर्षक निकासा फिर्ता (15112) मा फिर्ता गरेको पाइयो। बैंक मार्फत सामाजिक सुरक्षा वितरण गरेको विवरण निम्नानुसार रहेका छन्-

सामाजिक सुरक्षा भत्ता प्रथम चौमासिक

बैंकको नाम	वडा नं	बैंकमा निकासा रकम	बैंक मार्फत वितरण	बढी रकम	कैफियत
कृषि विकास बैंक	1, 2 र 7	11152986	9945666	1207320	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
माछापुच्छ्रे बैंक	11, 13 र 14	9237561	5724199	3513362	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन सि सि बैंक	8 र 12	5195740	5118501	77239	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
सेन्चुरी बैंक	3, 4 र 6	12869605	11591200	1278405	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन एम बि बैंक	5	6536422	5923726	612696	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन आइ सि एसिया बैंक	9 र 10	5557967	5142042	415925	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
	जम्मा	50550281	43445334	7104947	

सामाजिक सुरक्षा भत्ता दोश्रो चौमासिक

https://nams.oag.gov.np

बैंकको नाम	वडा नं	बैंकमा निकासा रकम	बैंक मार्फत वितरण	बढी रकम	कैफियत
कृषि विकास बैंक	1, 2 र 7	10883612	9792666	1090946	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
माछापुच्छ्रे बैंक	11, 13 र 14	6041961	5827654	214307	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन सि सि बैंक	8 र 12	5350661	5089185	261476	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
सेन्चुरी बैंक	3, 4 र 6	12955290	11739400	1215890	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन एम बि बैंक	5	6473474	5904381	569093	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
एन आइ सि एसिया बैंक	9 र 10	5591383	5105126	486257	को.ले.नि.का उदयपुरको खाता नं 109010010202000 मा फिर्ता
	जम्मा	47296381	43458412	3837969	

सामाजिक सुरक्षा भत्ता तेश्रो चौमासिक

बैंकको नाम	वडा नं	बैंकमा निकासा रकम	बैंक मार्फत वितरण	बढी रकम	कैफियत
कृषि विकास बैंक	1, 2 र 7	11461347	10487243	974104	मिति 2078/5/27 मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
माछापुच्छ्रे बैंक	11, 13 र 14	6235821	5982311	253510	मिति 2078/6/6 मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
एन सि सि बैंक	8 र 12	5485594	5424207	61387	मिति 2078/6/6 मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
सेन्चुरी बैंक	3, 4 र 6	13511491	11863100	1648391	मिति 2078/5/27 मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
एन एम बि बैंक	5	6602646	5916623	686023	मिति 2078/6/6मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
एन आइ सि एसिया बैंक	9 र 10	5708420	5428310	280110	मिति 2078/6/6मा राजश्व शिर्षक नं 15112 मा निकासा फिर्ता
	जम्मा	49005319	45101794	3903525	

८५.२

अनुगमन - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

८५.३

सार्वजनिक सुनुवाई - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।

८५.४			**निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।	
८६			**सेवा प्रवाह** **सेवा प्रवाह** - पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युतमिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।	

क्र स	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
1	नागरिकता सिफारिस	5159	5159
2	घरबाटो सिफारिस	865	809
3	नाता प्रमाणित	745	727
4	जन्म मृत्यु दर्ता	2559	2559
5	घर नक्सा पास	५२	५२

८७			**पदाधिकारी दैनिक भ्रमण भत्ता (सशर्त)** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,2075 को दफा 3 को उपदफा 1 को अनुसुची 1(क) मा नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधाको व्यवस्था गरिएकोमा मासिक रुपमा पालिका भित्रका योजना तथा कार्यक्रमको अनुगमन, निरिक्षण वा सहभागी भए वापत अनुगमन भत्ता पाउने व्यवस्था गरेकोमा निम्नानुसारका पदाधिकारीले पालिका भित्र योजना तथा कार्यक्रममा अनुगमन, निरिक्षण वा सहभागी भएको भनी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोले दोहोरो भत्ता वापत भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल हुनु पर्ने रु.	१३८,१४०

https://nams.oag.gov.np

गो.भौ.नं/मिति	पदाधिकारीको नाम/पद	भ्रमण स्थान	भ्रमण अवधि	रकम
303-78/2/23 ससर्त	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	नगरका सबै वडा कार्यालयहरु	2078/2/12-18	11200
303-78/2/23 ससर्त	नगर उपप्रमुख भीम कुमारी राउत	नगरका सबै वडा कार्यालयहरु	2078/1/21-27	10000
391-78/3/6 ससर्त	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	वडा नं 1, 5 र 7	2078/1/13-19	11250
391-78/3/6 ससर्त	नगर उपप्रमुख भीम कुमारी राउत	वडा नं 1, 5 र 7	2077/12/6-12 र 2077/11/14-21	22500
391-78/3/6 ससर्त	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	विभिन्न वडा	2077/11/19-23	7650
391-78/3/6 ससर्त	नगर उपप्रमुख भीम कुमारी राउत	विभिन्न वडा	2077/11/19-23	7650
442-78/3/13 ससर्त	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	वडा नं 9	2078/1/17-22	11250
33-78/3/30 न.पा स्वास्थ्य	नगर उपप्रमुख भीम कुमारी राउत	वडा नं 9, 10 र 11	2078/3/9-15	9250
33-78/3/30 न.पा स्वास्थ्य	नगर उपप्रमुख भीम कुमारी राउत	वडा नं 1, 6 र 7	2078/3/3-8	9450
33-78/3/30 न.पा स्वास्थ्य	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	वडा नं 1, 6, 7, 10 र 11	2078/3/3-9	12500
17-78/2/27 गा.पा.शिक्षा चालु	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	कार्यक्रम अनुगमन	11/16/2077	1360
17-78/2/27 गा.पा.शिक्षा चालु	नगर उपप्रमुख भीम कुमारी राउत	कार्यक्रम अनुगमन	11/18/2077	1360
17-78/2/27 गा.पा.शिक्षा चालु	नगर उपप्रमुख भीम कुमारी राउत	कार्यक्रम अनुगमन	12/5/2077	1360
17-78/2/27 गा.पा.शिक्षा चालु	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	कार्यक्रम अनुगमन	12/5/2077	1360
32-78/3/30 गा.पा.शिक्षा चालु	नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठ	विद्यालय अनुगमन	2078/1/19-25	10000
32-78/3/30 गा.पा.शिक्षा चालु	नगर उपप्रमुख भीम कुमारी राउत	विद्यालय अनुगमन	2077/12/2-8	10000
		जम्मा		138140

८८			**विल भरपाई पेश गर्नुपर्ने**	१,२८१,२८५

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसारका सामाग्री/रकम सम्बन्धित विद्यालय वा व्यक्तिलाई वितरण गरेकोमा सम्बन्धितलाई वितरण गरेको भर्पाइ साथै विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं/मिति	फर्म/कार्यक्रम	वितरण विवरण	रकम
22-78/3/9 न.पा.शिक्षा	उदयश्री क्याम्पस	जेहेन्दार छात्रालाई छात्रवृत्ति	50000
27-78/3/26 न.पा.शिक्षा	अभिसिद्धि ट्रेडर्स	बालबालिकालाई स्कुल व्याग 400 थान	239998
29-78/3/26 न.पा.शिक्षा	आचार्य शु सेन्टर	बालबालिकालाई टिफिन वक्स र बोतल 400/400 थान	60000
20-78/3/30महिला विकास कार्यक्रम	लाइफकेयर ट्रेडर्स एण्ड सर्जिकल सप्लायर्स (121-78/3/26)	अपाङ्गता भएका व्यक्तिहरुलाई चेनवाला व्हीलचियर 5 थान, सादा व्हीलचियर 14 थान, ड्राइलेट चियर 7 थान र वैशाखी 10 थान (विजक नं हातले लेखेको)	290500
30-78/3/20 गरिब संग विश्वेश्वर कार्यक्रम	जय लक्ष्मी ट्रेडर्स	फ्लोर मिल मेसिनरी 1 सेट, राइस हालर 1 सेट र पम्पसेट इन्जिन 1 थान	145000
1-77/8/7 प्रयास पूँजिगत	युनाइटेड ब्रदर्श कृषि वन पशु विकास प्रा.ली	प्लास्टिक क्रेट 250 थान र डिजिटल काँटा (200 के.जि.) 10 थान	495787
		जम्मा	1281285

८९

प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 320 जनालाई रोजगारी उपलव्ध गराई रु.1,36,75,585.73 । खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

९०

अनुदानको अनुगमन तथा उपलब्धि मूल्यांकन

अनुदानको अनुगमन– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा दिएकोमा बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

९१

कोभिड - 19 तर्फ

९१.१			**कोभिड तर्फ कार्यक्रम र खर्च** – विश्वव्यापी रुपमा फैलिएको कोभिड – 19 को रोकथाम र नियन्त्रणका लागि कार्यालयले प्रकोप विपद व्यवस्थापन कोष खडा गरी स्वास्थ्य, औषधी र भौतिक सामाग्री खरिद, वितरण, नियन्त्रण कार्यक्रम, जोखिम भत्ता, भ्रमण भत्ता, क्वारेन्टाइन वा आईसोलेसन केन्द्र निर्माण तथा व्यवस्थापन र स्वास्थ्य पूर्वाधार निर्माण गर्नका निम्ति खर्च गरेको देखियो। यसरी गरिएका खर्चमा आवश्य रुपमा अनुगमन तथा सुपरिवेक्षण भएको देखिएन। साथै समानिकरण शिर्षकबाट समेत बजेट विनियोजन गरी शिर्षक बनाइ खर्च गरेको सम्बन्धमा दोहोरो उस्तै प्रकृतिको खर्च हुन सक्ने अवस्था देखियो। खरिद भएका सामाग्रीको नियमानुसार जिन्सी दाखिला भएतापनि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा भएको व्यवस्था अनुरुप व्यवस्थित रुपमा वितरण गरेको भर्पाइ र बिल भर्पाइ राखिएको पाइएन। यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ।	
९१.२				
९२			**विविध खर्च** **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ७५८३२०६ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
९३			**पुँजीगत बजेटबाट चालु खर्च भुक्तानी** पुँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने प्रकृतिका योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।	३,४६६,८७५

भौ.नं.	खर्च गरेको कार्यक्रम	रकम
२९६, ३२६, ७८० पुँजीगत	भुमि व्यवस्था तथा सुकुम्वासी आयोग कर्मचारी	२००७२८२
३१९।२०७८।१।२०	सरस्वती मा वि भोर्लेका निजी शिक्षक तलब भत्ता	४५००००
६७९।२०७८।३।२४	औषधी खरिद	३९९५९३
७५७।२०७८।३।२६	श्री कालिका आधारभूत विद्यालय वडा नं ६ का निजी शिक्षक तलब भत्ता	११००००
८६८।२०७८।३।२९	श्री शंखबेला आधारभूत विद्यालय चिप्टार १० का निजी शिक्षक तलबभत्ता	५०००००
	जम्मा	३४६६८७५

९४			**उपभोक्ता समिति दर्ता** **उपभोक्ता समिति दर्ता—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २२२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १७७७८५२२५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन	

भएकाउपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

९५

बैंक हिसाब मिलान विवरण तयार नगरेको

बैक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसारश्रेस्तामा भन्दा बैंक खातामा रु २२२२७८९.६७ बढी देखी हिसाब फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

सि.नं.	खाताको नाम	श्रेस्ता बैंक तथा नगद बाँकी विवरण	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	2050100301010000	२५८६५०१.४६	६२६७२९८.८१	-3680797.35
२	2050100302020000	६२०६९५६.१३	६७००६०५.८८	-493649.75
३	2050100302040000	३८५३८३५	४३४७१६७	-493332
४	2050100305010000	४६२२४१३.०७	५२३१६५७.५८	-609244.51
५	२०५०१००३०३००००००२ र २०५०३०३००७१०२	२८४५१८०	६३५०४१४.६५	-3505234.65
६	2050100304010000	२३५८७९.१७	१२१७२७७.१७	-९८१३९८
७	2050100307020000	१०६५२१३६.२२	१८७७६९८.६३	8774437.59
८	बैंक कारोवारमा भिन्नता राजश्व खाता र सञ्चित कोष खाता	-१९३३४९२	-	-१९३३४९२
९	सटही गर्न बाँकी चेक	-	-६९९९२१	६९९९२१
	जम्मा	२९०६९४०९.०५	३१२९२१९८.७२	-२२२२७८९.६७

९६

बैंक हिसाव सम्बन्धमा थप व्यहोरा

बैक हिसाब मिलान सम्बन्धमा थप व्यहोरा - वित्तीयप्रतिवेदनफारमनं२७२को अनुसूचि २४ को बैंक तथा नगद बाँकी विवरणमा सुत्रकोबैक नगद खाता अनुसार २०७८ असार मसान्त सम्मको मौज्दात रु २९०६९४०९.०५ देखिन्छ । वित्तीय प्रतिवेदन फारम नं २७२ प्राप्तिभुक्तानी विवरण श्रेस्ता अनुसार बर्षान्तको बाँकी रकम रु ३५५०८९६८.१९ देखिन्छ । पालिकाको विभिन्न बैंक खाताहरुको बैंक

३,९७६,७६९

			स्टेटमेन्ट विवरण अनुसार साट्न बाँकी चेक घटाएर रु ३१५३२१९८.७२ बाँकी मौज्दात देखिन्छ । प्राप्ति भुक्तानी विवरणको वर्षान्तको मौज्दात बाँकी भन्दा बैंक स्टेटमेन्टको मौज्दात रकम रु ३९७६७६९.४७ ले घटी देखिएकोले यस सम्बन्धमा यकिन गरिनुपर्ने रु	
९७			**आन्तरिक लेखापरीक्षण** **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षतार प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को कोष तथा लेखा नियन्त्रण कार्यालय, उदयपुरबाट सोझै भुक्तानी हुने आर्थिक कारोबारको बाहेक स्थानीय तहको अन्य सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।	
९८			अनुगमन तथा सम्परीक्षण **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 84 मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा 84(2)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, 2074 को दफा 36 को 1 मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु. 293833 हजार रहेकोमा रु. 511 हजार फछ्र्यौट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ। बाँकी बेरुजूफछ्र्यौट गर्न पालिकाको ध्यान जानु पर्दछ।	

https://nams.oag.gov.np

दफा	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	बेरुजु रकम	फछ्र्यौटको व्यहोरा	फछ्र्यौट रकम
44	2076/77	स्वास्थ्यका कर्मचारीको तलब भत्ता बढी निकासा	180518	2076 श्रावण, भाद्र र चाडपर्व खर्च भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम पछिल्लो महिनामा तलब भुक्तानी गर्दा मिलान गरी भुक्तानी दिइएको र मिलान गर्न नसकिएको राज कुमार मोतेको रकम रु.8121। मिति 2078/9/19 मा भौ.नं 28562522 बाट संघिय बेरुजु खाता 15111 मा दाखिला गरेको भौचर पेश भएको	180518
46	2076/77	सुदिप श्रेष्ठले खेलकुद सामान हस्तान्तरण गरेको भर्पाइ पेश नभएको	311625	सुदिप श्रेष्ठले खेलकुद सामानहरु खेलाडीहरुलाई हस्तान्तरण र वितरण गरेको भर्पाइ पेश भएको	311625
40	2076/77	पाठ्यपुस्तक अनुदान रकम	10540	विद्यालयलाई पाठ्यपुस्तक अनुदान निकाशा दिँदा आइ.इ.एम.आइ.एस. डाटा अनुसार निकाशा दिनुपर्नेमा बढी निकाशा गरिएको रकम श्री चन्द्रावती मा.वि. लेखानीले भौ.नं 04744695 मिति 2078/1/12 मा संघिय बेरुजु खाता 15111 मा दाखिला गरेको प्रमाण पेश भएको	10540
43	2076/77	भुक्तानीमा कर	8688	पारिश्रमिक कर कम कट्टि गरी भुक्तानी दिएकोमा डा. पवन कुमार शाहले गरी भौ.नं 28652302 मिति 2078/9/20 मा कर दाखिला गरेको प्रमाण पेश भएको	8688

						जम्मा	511371		511371

९९

अद्यावधिक बेरुजुको स्थिति

अद्यावधिक बेरुजु - यस पालिकाको २०७7।७8 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
२९३८३३	५११	९४२२३	0	३८७५४५

१००

लेखापरीक्षण टोली

यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणमा देहाय बमोजिमका कर्मचारीहरु संलग्न भइ लेखापरीक्षण कार्य सम्पन्न भएको छ।

क्र सं	कर्मचारीको पद	कर्मचारीको नाम
१	लेखापरीक्षण अधिकारी	श्री किशोर पोखरेल
२	लेखापरीक्षण अधिकारी	श्री तारा बहादुर राई
३	लेखापरीक्षण अधिक्षक	श्री सुनिता कुमारी साउद